# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषा शिक्षण भाषाका बारेमा शिक्षण नभई भाषिक सीपको शिक्षण गर्नु हो । भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षणलाई भाषिक सीप शिक्षण भनिन्छ । भाषाका चार सीपमध्ये सुनाइ पहिलो र महत्त्वपूर्ण सीप हो । सुनाइ सीपका माध्यमबाट भाषाका अन्य सीपहरूको विकास हुन्छ । वास्तवमा सुनाइ शिक्षण भनेको कुनै पनि कुराहरू समग्रमा भन्ने वा सुनाउने र त्यसका आधारमा बुझेर वा सुनेर पढ्ने वा पढाउने प्रक्रिया हो । भाषिक सीपका विभिन्न माध्यमहरू छन् जसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारवटा सीपमध्ये सुनेर बुझेका आधारमा आफ्ना भावना अभिव्यक्त गर्ने सीपलाई श्रुतिलेखन भनिन्छ । भाषा मानवीय विचार विनिमयको माध्यम भएकाले कुनै कुरा अरूलाई सिकाउने र अरूबाट सिक्ने अत्यन्त महत्त्वपूर्ण कार्यकलापका रूपमा सुनाइ शिक्षणलाई लिने गरिन्छ । श्रवणकला शिक्षणको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुन्छ । त्यसैले श्रुतिबोध क्षमताको विकासलाई भाषा शिक्षणको महत्त्वपूर्ण आधार मानिन्छ ( पौडेल, २०७० : ३१) । मौखिक अभिव्यक्तिका माध्यमद्वारा मानिसले विचार अभिव्यक्त गर्ने र सुनाइ सीपका सम्बन्धित पक्षलाई ख्याल गरी श्रुतिलेखन अध्ययन गरिन्छ । प्राथमिक तहमा पढ्ने विद्यार्थीहरूमा अन्य तहमा पढ्ने विद्यार्थीहरूको तुलनामा सुनेर बुझ्ने र लेख्ने क्षमता विकास भइसकेको हुँदैन । यस तहका विद्यार्थीहरूमा श्रुतिलेखन क्षमता सामान्य प्रकारका हुने गर्दछ । श्रुतिबोधसम्बन्धी कमजोरीका कारणले गर्दा व्यक्तिगत, विषयवस्तुगत, भाषिक क्षमतागत, वातावरणगत, श्रोतागत आदिमा अत्यन्त सचेतता अपनाएर शिक्षण गर्नुपर्दछ ( अधिकारी, २०६९ : ३७) । वास्तवमा श्रुतिलेखनका कमजोरी भाषाका अन्य सीपमा समेत कमजोरी हुने हुँदा त्यसको दूरगामी प्रभाव विद्यार्थीहरूको वैयक्तिक जीवन र व्यक्तित्व निर्माणमा समेत नकारात्मक प्रभाव पर्न जान्छ । यस तहका बालबालिकाहरूलाई खास गरी अनुच्छेद उच्चारण गरी सुनेर लेख्ने बानीको विकास गराउनका लागि श्रुतिलेखनको अभ्यास गराइन्छ । यस्तो प्रकारको कार्यकलाप सञ्चालन गर्नका लागि शान्त र एकाग्रतापूर्ण वातावरणको आवश्यकता पर्दछ ।

लेखाइ सीप विकासको अभिन्न अङ्गका रूपमा श्रुतिलेखन शिक्षणलाई लिने गरिन्छ । लेखाइ सीप विकासको अभिन्न अङ्ग मानिने हुनाले यो कार्यकलाप श्रवण कौशलको लागि पनि अपरिहार्य मानिन्छ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणका गतिविधिका रूपमा पनि श्रुतिलेखनको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । श्रुतिलेखन विद्यालयको समग्र गतिविधिको अभिन्न अङ्गका रूपमा रहने गर्दछ (पौडेल, २०७० : ३१) ।

प्राथमिक तहमा विद्यार्थीहरूलाई आवाज सुन्न लगाएर सुनेको आवाज के को हो ? भनी लेख्न लगाउने, लेख्य चिह्नहरू लेख्न सिकाउने जस्ता कार्यकलापहरू समेत गराउन सकिन्छ । यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूले यस्तो प्रकारका  ग्रहण गरी अभिव्यक्त गर्ने क्षमताको विकास पूर्ण रूपले विकसित हुने भएकाले सामान्य प्रकारका जनावरहरूको आवाज सुनाए सो आवाज के को हो ? लेख्न लगाउने, पाठको कुनै अनुच्छेद दिने र सो अनुच्छेद उनीहरूलाई लेख्न लगाउने जस्ता कार्यकलाप गर्न गराउन सकिन्छ । यस्तो प्रकारको अध्ययनमा कैलाली जिल्लाका आधारभूत तह कक्षा पाँचमा अध्ययन गर्ने विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कस्तो छ भनी अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

कुनै पनि समस्या नभई अनुसन्धान गरिँदैन । अनुसन्धानका लागि छनोट गरिएका अनुसन्धेय विषयवस्तुहरू नै समस्या हुन् । भाषा शिक्षण भनेको भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । यी चारवटै सीपहरू एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । भाषाका चार सीपमध्ये सुनाइ सीप पहिलो र महत्त्वपूर्ण सीप हो । सुनाइ शिक्षण खास गरेर कुनै पनि कुरा सुनेर पढ्ने वा पढाउने प्रक्रिया हो । सुनेर बुझेका आधारमा आफ्ना भावनाहरूलाई लेखेर अभिव्यक्त गर्ने सीपलाई श्रुतिलेखन भनिन्छ । श्रुतिलेखन कथ्य अभिव्यक्तिका आधारमा मात्र गर्न सकिन्छ । श्रुतिलेखनका समस्यासँग परिचित भएपछि मात्र शिक्षण सामग्री छनोट गरी स्तरअनुसार सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ । यस शोधपत्र लेखनमा श्रुतिलेखन क्षमताका समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कस्तो छ ?

(ख) विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति के छ ?

(ग) भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता तुलनात्मक रूपमा कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

उद्देश्य विना कुनै पनि कार्य गर्न सकिँदैन । कुनै पनि कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि उद्देश्य निकै महत्त्वपूर्ण पाटोका रूपमा रहन्छ । यो त अझ शोध जस्तो  गहन विषयमा त झन् नभई नहुने कुरा हो । अतः आधारभूत तहको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता शीर्षकसँग सम्बन्धित रहेर निम्नानुसारका उद्देश्यहरू राखी अध्ययन गरिएको छ ।

(क) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु,

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति पत्ता लगाउनु,

(ग) भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ शोधको औचित्य/सान्दर्भिकता

भाषा अभिव्यक्तिको माध्यमका रूपमा कथ्य र लेख्य गरी दुई किसिमका रहेका छन् । कथ्य अभिव्यक्ति सामान्य प्रकृतिको हुन्छ भने लेख्य अभिव्यक्ति औपचारिक प्रकृतिको हुन्छ । लेख्य अभिव्यक्ति औपचारिक प्रकृतिको हुनाले यसमा लेखन सीपको धेरै आवश्यक रहन्छ । त्यसैले लेखन सीपको विकास गराउनका लागि श्रुतिलेखन अति आवश्यक रहेको हुन्छ । विद्यार्थीहरूको अभिव्यक्ति क्षमताको विकास गर्न श्रुतिलेखन निकै महत्त्वपूर्ण मानिन्छ । भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीपले लिखित पक्षलाई समेटेको हुन्छ । कुनै पनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेका कुराहरू कसरी प्रस्तुतीकरण गर्दछ भन्ने कुरा बुझ्न लेखाइ पक्षको भाषिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहन्छ । शुद्ध, प्रासाङ्गिकका साथसाथै श्रवणकला विकासको प्रभावकारी माध्यमका रूपमा श्रुतिलेखनलाई लिने गरिन्छ ।

प्राथमिक तहका विद्यार्थीहरूलाई अन्य प्रकारको लेखन कार्य गराउन गाह्रो हुने भएकाले यस तहका विद्यार्थीहरूलाई सामान्य प्रकारको श्रुतिलेखन गर्न गराउन सकिन्छ । जसमा विभिन्न प्रकारका वर्णहरू उच्चारण गरी सो वर्णको पुनः उच्चारण गर्न लगाएर सोही

कुरालाई लेख्न लगाई श्रुतिलेखन गराउन सकिन्छ । उच्चारण गर्दा स्पष्टसँग उच्चारण गर्ने, विद्यार्थीहरूको आवश्यकताअनुसार दोहोऱ्याएर उच्चारण गर्ने जस्ता कार्यकलापहरू गराइ श्रुतिलेखन गराउन सकिन्छ । मानव ज्ञान र अनुभवहरूलाई प्रकट गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भाषाको लिखित माध्यम श्रुतिलेखन हो । यसर्थ श्रुतिलेखन शिक्षण प्रारम्भिक तहबाट नै लेखाइ सीपको विकास गर्दै लैजानु आवश्यक रहन्छ ।

लेखाइ सम्बन्धी ढङ्ग ढाँचाको पहिचान गर्न निश्चित समय वा सीमाभित्र,निर्धारित शीर्षकमा लेखिएको अनुच्छेदित रचनालाई विश्लेषण गरी विभिन्न समूहका विद्यार्थीहरूको लेखाइ, क्षमता पहिचान गर्न सकिनेछ । विद्यार्थीहरूको श्रुतिलेखन सम्बन्धी मूलभूत कुराहरूको बारेमा ज्ञान हुने र कमीकमजोरीहरूलाई औंल्याइ प्रस्तुत हुनाले यस अध्ययनको निकै महत्त्व रहेको छ । भाषा शिक्षणका क्षेत्रमा लेखन क्षमतासँग सम्बन्धित अन्य विविध प्रकारका अध्ययन धेरै भए तापनि श्रुतिलेखन क्षमताको अध्ययनतर्फ खासै चासो नरहेको देखिन्छ । यस क्षेत्रमा धेरै शोधकार्य नभएकाले पनि यसको औचित्यमा थप पुष्टि भएको छ । यसका साथै सम्बन्धित शीर्षकमा अध्येता वा पाठकले पनि यसबाट भरपुर लाभ लिन सक्ने हुनाले यस अध्ययनको निकै महत्त्व रहेको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययनलाई व्यवस्थित, व्यावहारिक र प्रभावकारी बनाउन निश्चित घेरामा समेटी मार्गमा पुग्न र उपयुक्त तथ्य कुराहरू पत्ता लगाउन अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क) अध्ययनीय शीर्षकमा कैलाली जिल्ला भनिए तापनि घोडाघोडी नगरपालिकामा मात्र सीमित गरिएको छ ।

(ख) प्रस्तुत अध्ययनमा घोडाघोडी नगरपालिकाका तीन सामुदायिक र तीन संस्थागत गरी छवटा विद्यालयलाई छनोट गरिएको छ ।

(ग) अध्ययनका लागि विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधार मानी हरेक आधारमा ३०/३० जना विद्यार्थीहरू पर्ने गरी छनोट गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण

अध्याय छ : भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्दा त्यसपूर्व कुन कुन विषयमा शोधकार्य भइसकेका छन्, उक्त कुराहरूको के कसरी व्याख्या विश्लेषण गरेको छ सो कुराको जानकारी लिने कार्यलाई पूर्वकार्यको समीक्षा भनिन्छ । "अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धान, पत्रपत्रिका, लेख/रचना तथा श्रव्यदृश्य सामग्री पढेर, सुनेर अध्ययन तथा मनन गरेर तिनको संक्षिप्त टिप्पणी गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०६८ : १६९) । विगतमा सम्बन्धित विषय वा क्षेत्रमा के कस्ता कार्यहरू कसरी सम्पन्न भएका छन्, सो विषय वा क्षेत्रको गहिरो ज्ञान आर्जन गर्न अनुसन्धान कार्यलाई वैध र विश्वसनीय बनाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ । पूर्वकार्यको समीक्षा अनुसन्धान प्रारम्भदेखि पूर्ण नभएरसम्म निरन्तर गरिरहनुपर्ने कार्य भएकाले अत्यन्त महत्त्वपूर्ण र उपयोगी कार्य हो । यस अध्ययनको शीर्षकसँग सम्बन्धित सैद्धान्तिक अवधारणाका लागि प्रकाशित सैद्धान्तिक पुस्तकहरूर विविध शीर्षकमा शोधपत्र लेखिएकाले पूर्वकार्यको रूपमा तिनीहरूको अध्ययन तथा पुनरावलोकन गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

प्रस्तुत शोध शीर्षकलाई सहज रूपमा अध्ययन तथा अनुसन्धान गर्नका लागि विभिन्न भाषाशास्त्रीहरूका पुस्तकहरू सम्बन्धित रहेका पाइन्छन् । जसमध्ये केही आवश्यक भाषाशस्त्रीहरूका पुस्तकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०६७) द्वारा लिखित *भाषाशिक्षण* नामक पुस्तकमा सुनेका आधारमा लेख्न लगाउनुलाई श्रुतिलेखन भनिन्छ । यसमा शिक्षकले केटाकेटीहरूलाई एक पटकमा कुनै अक्षर, शब्द, वाक्य वा पाठको कुनै खास अंश सुनाउने र लेख्न लगाउने गरिन्छ । श्रुतिलेखन गराउँदा शिक्षकले केटाकेटीहरूको लेखाइको गतिलाई ख्याल गरेर सोही गतिमा अक्षर, शब्द आदि सुनाउने र लेख्न लगाउने गर्नु पर्छ भनी उल्लेख गरेको पाइन्छ । यस पुस्तक समीक्षाले श्रुतिलेखन प्रक्रियामा सहयोग पुऱ्याएको छ ।

पौडेल (२०६७) द्वारा लिखित *दोस्रो भाषाका रूपमा नेपाली* शिक्षण नामक पुस्तकमा सुनेर बुझेका आधारमा लेख्ने कार्यकलापहरूलाई श्रुतिलेखन भनिन्छ भनी उल्लेख गरेको पाइन्छ । प्रस्तुत पुस्तकमा श्रुतिलेखनलाई लेखाइ सीप विकासको अभिन्न अङ्ग भनी उल्लेख गरेको छ । श्रुतिलेखन सीपमा सुनेका भरमा विद्यार्थीहरूले लेखेका कुराहरूलाई राम्रोसँग हेरेर अथवा जाँचेर उनीहरूको श्रवण क्षमता/दक्षता वा कमजोरीहरू पत्ता लगाउन  सकिन्छ । श्रुतिलेखन गराउँदा रचनात्मक कार्य र हौसला प्रदान गर्नुपर्दछ । श्रुतिलेखन कार्यकलाप सञ्चालन गर्न शान्त वातावरण हुन जरुरी रहेको हुन्छ । श्रुतिलेखन गर्नका लागि मस्तिष्क, कान र हातको उचित संयोजन हुनुपर्दछ जस्ता कुराहरू उल्लेख गरिएको छ । यस पुस्तकको समीक्षाले श्रुतिलेखन क्षमताको अध्ययनका लागि सैद्धान्तिक अध्ययनमा सहयोग पुऱ्याएको छ ।

भट्टराई (२०६८) द्वारा लिखित *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग* नामक पुस्तकमा अध्ययन तथा अनुसन्धानका समग्र प्रक्रियाको चर्चा गरिएको छ । यस पुस्तकमा अध्ययन तथा अनुसन्धानका सम्पूर्ण तत्त्वहरू/अङ्गहरूलाई शीर्षक तथा उपशीर्षक गरी उल्लेख गरिएको छ । यस पुस्तकमा जसरी मानव शरीर बन्नका लागि विभिन्न अङ्गहरूको आवश्यकता रहन्छ त्यसरी नै अनुसन्धानका लागि पनि त्यसका अङ्गहरूको आवश्यकता रहेको हुन्छ भनी उल्लेख गरिएको छ । अनुसन्धानका अङ्गहरूलाई योजनाबद्ध नगरिने हो भने अनुसन्धान कार्य सफल हुन सक्दैन । त्यसैले कुनै विषयवस्तुको अनुसन्धन कार्य अगाडि बढाउनका लागि अनुसन्धानका अङ्गहरू अनिवार्य रूपमा बुझ्न जरुरी हुन्छ भन्ने कुराहरू पनि उल्लेख गरिएको छ । यस पुस्तकको अध्ययनले श्रुतिलेखनका लागि अध्यनको समग्रं सहयोग पुऱ्याएको छ ।

ढकाल (२०६९) द्वारा लिखित *नेपाली भाषा साहित्य शिक्षण* नामक पुस्तकमा श्रुतिबोध शिक्षणसम्बन्धी चर्चा गरिएको छ । श्रुतिबोध भाषाको आधारभूत सीप भएकाले मानिसले आफ्नो परिवार तथा समाजमा जस्तो भाषा सुन्छ त्यस्तै भाषाको लिखित रूप प्रयोग गर्दछ । श्रवणकला विकासको महत्त्वपूर्ण माध्यमका रूपमा श्रुतिबोधलाई लिने गरिन्छ । सुनेर बुझ्ने क्षमताको विकास गराउने कार्यकलाप श्रुतिबोध शिक्षण हो । शिक्षकले कुनै पनि विषयवस्तुमा आधारित घटना वा प्रसङ्ग मौखिक वर्णन गरेर सुनाइसकेपछि उनीहरूले सुनेका आधारमा श्रुतिलेखन कार्यकलाप गराइन्छ । यस पुस्तकको समीक्षाले श्रुतिलेखन गराउँदा श्रुतिबोधको आवश्यकता/महत्त्वलाई मनन गर्न सहयोग पुऱ्याउने छ ।

पोखरेल र अन्य (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* पुस्तकमा कुनै पनि कुरा सुनेर त्यसका आधारमा लेख्नुलाई श्रुतिलेखन भनिन्छ । यसका लागि कुनै वर्णयुग्म, शब्दयुग्म, वाक्ययुग्म वा अनुच्छेद सुनाएर त्यसको शुद्ध उच्चारण तथा वर्णविन्यास मिलाएर लेख्न लगाइन्छ । श्रुतिलेखनबाट सुनाइ सीप, उच्चारण शिक्षण र लेखाइ शिक्षणमा समेत सहयोग पुग्छ भन्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तक समीक्षाले श्रुतिलेखनको सैद्धान्तिक अवधारणाका लागि सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा श्रुतिबोध सम्बन्धी चर्चा गरिएको छ । श्रुतिबोध र श्रुतिलेखन क्षमताको विकासका लागि विद्यार्थीहरूलाई शान्त वातावरणमा शिक्षकले कुनै पनि कथा, कविताका अंश पहिले पढिदिने र सुनेका आधारमा लेख्न लगाउने कार्यका लागि श्रुतिलेखनको अभ्यास गराइने कुरा उल्लेख गरिएको छ । यस श्रुतिलेखनको सैद्धान्तिक धारणा, प्रकार, प्रयोजन, आवश्यकता/महत्त्व, कार्यकलाप जस्ता कुराहरू चर्चा गरिएको छ । यस पुस्तक समीक्षाले श्रुतिलेखनका कार्यकलापमा सहयोग पुऱ्याएको छ ।

### २.१.२ शोधसमीक्षा

पोखरेल (२०६४) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरूमा भाषिक पृष्ठभूमि पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिबोध क्षमता पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा र जातियताका आधारमा श्रुतिबोध क्षमताको तुलनात्मक विश्लेषण गर्नु जस्ता रहेका छन् । यस शोधपत्रमा मुख्य रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी प्रतिनिधि नमुना छनोट पनि प्रयोग गरिएको छ । यस शोधपत्रको अपेक्षित परिणामलाई हेर्दा श्रुतिबोध क्षमता सन्तोषजनक रहेको भनी उल्लेख गरिएको छ । यस शोधपत्रको समीक्षाले श्रुतिलेखन क्षमताको अवधारणामा सहयोग पुऱ्याएको छ ।

घिमिरे (२०६६) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरूमा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता रहेका छन् ।

उक्त अध्ययनका क्रममा मुख्य रूपमा क्षेत्रीय र सर्वेक्षण विधि प्रयोग गरी प्रतिनिधि नमुनाका रूपमा सम्भावनारहितको पनि प्रयोग गरिएको छ । यस अध्ययनका अपेक्षित परिणामलाई हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको भनी उल्लेख गरिएको छ । यस शोधको समीक्षाले श्रुतिलेखन अध्ययनको तुलनात्मक स्थिति पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

भण्डारी (२०७२) द्वारा 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरूमा बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेका छन् । यस शोधपत्रमा मुख्य रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सम्भावनायुक्त नमुना छनोट विधि पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम लैङ्गिकताका आधारमा हेर्दा छात्राभन्दा छात्रको अनुच्छेद लेखन राम्रो रहेको भनी उल्लेख गरिएको छ । यस शोधको समीक्षाले लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वर्गीकरण गरी श्रुतिलेखन क्षमताको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

पोखेल (२०७३) द्वारा 'अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्यहरूमा अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विज्ञापन लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालय प्रकृतिको आधारमा विज्ञापन लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता रहेका छन् । मुख्य रूपमा क्षेत्रीय र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरी सम्भावनारहित नमुना छनोट पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम विद्यालय प्रकृतिका आधारमा हेर्दा संस्थागतभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता राम्रो रहेको भनी उल्लेख गरिएको छ । अन्य आधारमा मध्यम किसिमको रहेको पाइन्छ । यस शोधको समीक्षाले विद्यालयका प्रकृतिका आधारमा अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७३) द्वारा 'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्यहरूमा नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना गर्नु र उक्त कक्षाका विद्यार्थीहरूको वर्णविन्यास र लेख्यचिह्न प्रयोगका आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गर्नु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय अध्ययन विधि प्रयोग गरी सम्भावनायुक्त नमुना छनोटका आधारमा प्रतिनिधि नमुना छनोट गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम नेपाली दोस्रोभाषी भएका भन्दा पहिलोभाषी भएकाको श्रुतिलेखन क्षमता उच्च रहेको भनी उल्लेख गरिएको छ । अन्य आधारमा मध्यम स्तरको रहेको पाइन्छ । यस शोधको समीक्षाले नेपाली पहिलोभाषी र दोस्रोभाषी बिचको श्रुतिलेखन क्षमताका अध्ययनका लागि सहयोग पुऱ्याएको छ ।

पोखेल (२०७४) द्वारा 'कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस शोधपत्रका उद्देश्यहरूमा कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पत्ता लगाउनु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु र श्रुतिलेखन सम्बन्धी समस्याहरू र निराकरणका उपायहरू सुल्भाउनु जस्ता रहेका छन् । यस शोधपत्रमा मुख्य रूपमा क्षेत्रीय विधि र सर्वेक्षण विधिको प्रयोग गरी काठमाडौँ जिल्लाका पाँच/पाँच संस्थागत र सामुदायिक विद्यालय छनोट गरी प्रतिनिधि नमुना छनोट पनि गरिएको छ । यस शोधपत्रको अपेक्षित परिणामलाई हेर्दा प्राथमिक तहका विद्यार्थीहरूमा श्रुतिलेखन क्षमताको विकास पूर्ण रूपमा नभएकाले नतिजा सामान्य खालको रहेको भनी उल्लेख गरेको पाइन्छ । उक्त शोधपत्रको समीक्षाले श्रुतिलेखन सीपको विकास गर्न सहयोग पुगेको छ ।

पौड्याल (२०७४) द्वारा 'गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षक शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरूमा गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक पृष्ठभूमिका आधारमा र भाषिक पृष्ठभूमिका आधारमा श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता रहेका छन् । उक्त शोधपत्र मुख्य रूपमा क्षेत्रीय विधिको प्रयोग गरी प्रतिनिधि नमुना छनोट गरिएको छ । उक्त शोधको अपेक्षित परिणाम

हेर्दा लैङ्गिकताका आधारमा श्रुतिलेखन क्षमता मध्यम रहेको भनी उल्लेख गरिएको छ । यस शोधको समीक्षाले लैङ्गिकताका आधारमा श्रुतिलेखन क्षमताको अध्ययनमा सहयोग पुगेको छ ।

रावत (२०७५) द्वारा 'दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक क्षमता पत्ता लगाउनु र भाषिक पृष्ठभूमि तथा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा सम्भावनारहित नमुना छनोट पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम मध्यम किसिमको रहेको र केटाभन्दा केटी, संस्थागतभन्दा सरकारी सहरभन्दा ग्रामीण क्षेत्रको तुलनात्मक स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस शोध समीक्षाले भाषिक पृष्ठभूमिका आधारमा अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषाका चार सीपमध्ये सुनाइ पहिलो सीप हो । सुनाइ बिना बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न असम्भव हुन्छ । भाषा शिक्षणका सन्दर्भमा विद्यार्थीहरूको अधिकांश समय सुनाइमा नै जान्छ । विद्यार्थीहरूको सुनाइ सीपको विकास भयो या भएन भनी जाँच्नका लागि विभिन्न प्रकारका सुनाइ कार्यबाट मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीहरू विद्यालय प्रवेश गर्नु अघि नै सुनाइ सीपको विकास गर्न विभिन्न क्रियाकलापमा सहभागी भइसकेका हुन्छन् । आफ्ना घरपरिवार बाहेक विभिन्न ठाउँका घटनाका बारेमा परिचित हुन सुनाइ सीप र क्षमताको विकास हुनुपर्ने देखिन्छ । सुनाइ सीपको विकासका लागि जुनसुकै कार्यमा व्यस्त हुँदा पनि श्रव्य सामग्रीका माध्यमहरू निकै उपयोगी हुन्छन् । यसका लागि आभ्यासिक सुनाइका आवश्यकता र आवश्यकीय कुराहरू छनोट गरेर सुन्न सकिन्छ (ओझा र जोशी, २०७३ : ११०) । सुनाइबाट भाषा शिक्षण कार्यकलाप सुरु हुन्छ । कुनै पनि कुरा जान्ने, कुनै कुराप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्न, अरूको निर्देशन पालना गर्न, आफ्नो दैनिक कार्य कुशलतापूर्वक सञ्चालन गर्न, सुनाइ शिक्षणको भूमिका महत्त्वपूर्ण हुन्छ (ढुङ्गेल

र दाहाल, २०६८ : १८४) । श्रवण कला विकासको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुन्छ । त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषा शिक्षणको केन्द्रविन्दु मानिन्छ (पौडेल, २०७० : ३१) । श्रुतिलाई कतिपय अवस्थामा सरल र सहज प्रक्रियाका रूपमा लिने गरे तापनि यो यथार्थमा त्यति सरल छैन । किनभने यो वक्ताको आशय र आवश्यकता अनुसार अत्यन्त विविध र जटिल किसिमको पनि हुन सक्छ । श्रुतिलेखन सम्बन्धी विभिन्न समस्या हुन सक्छन् । त्यसकारण श्रुतिलेखनको शिक्षण गर्दा अत्यन्त सचेतता अपनाएर शिक्षण गर्नुपर्दछ (अधिकारी, २०६९ : ३६, ३७) । कुनै पनि भाषामा बोध र अभिव्यक्त गरी दुई पक्ष हुन्छन् । यीमध्ये सुनाइ बोध प्रक्रियासँग सम्बन्धित छ । बोधका लागि राम्रो श्रोता हुन जरुरी छ । राम्रो श्रोता भएमात्र राम्रो वक्ता बन्न सकिन्छ (भुसाल र भट्ट, २०७३ : १६४) । भाषाका चार सीपमध्ये सुनाइ एक अपरिहार्य सीपका रूपमा लिने गरिन्छ । त्यसकारण प्रारम्भिक कक्षाहरूबाटै श्रुतिलेखनको शिक्षण गर्नु अत्यन्त आवश्यक रहन्छ ।

### २.२.१ श्रुतिका प्रकार

सबै प्रकारका कुराहरूलाई हामी एउटै किसिमबाट सुन्दैनौं । सामान्यतया श्रुतिलाई पाँच प्रकारमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १८५) । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### २.२.१.१ सामान्य श्रुति

कुनै पनि कुरा आफूलाई उचित लागुञ्जेल सुन्ने र उचित नलागेपछि नसुन्ने खालको श्रुति सामान्य श्रुति हो । कक्षामा शिक्षकले हाजिर बोलाउँदा विद्यार्थीले आफ्ना रोल नम्बर सुन्नु सामान्य श्रुति हो । यस प्रकारको सुनाइबाट विद्यार्थीले कुनै कुरा सिक्ने सम्भावना कम रहन्छ (ढुङ्गेल र दाहाल, २०६८ : १८५) ।

#### २.२.१.२ एकाग्र श्रुति

कसैको भनाइ, अभिव्यक्ति वा निर्देशनलाई दृढचित्त भएर सुन्नु नै एकाग्र श्रुति हो । कुनै पनि विषय वा कुरालाई यस प्रकारले सुनिएन भने सुनाइका आधारमा ठिक बेठिक छुट्याउन र कुनै कुरा बोध गर्न र ग्रहण गर्न सकिँदैन । प्राथमिक तहका विद्यार्थीहरूले प्राप्त गर्ने अधिकांश भाषिक ज्ञान एकाग्र श्रुतिबाट प्राप्त गर्दछन् (ढुङ्गेल र दाहाल, २०६८ : १८५) ।

#### २.२.१.३ मनोरञ्जनात्मक श्रुति

मनोरञ्जन गर्ने अभिप्रायले सुनिएको सुनाइ मनोरञ्जनात्मक श्रुति हो । चलचित्रका वार्तालापहरू, रेडियो वा टेलिभिजनबाट सुनिने गीतहरू यसअन्तर्गत पर्दछन् मनोरञ्जनात्मक सुनाइको शैलीमा लयात्मक रूपले कविता, चुट्किला, ठट्यौली आदि कक्षामा सुनाउन सकिन्छ । सन्देशमूलक गीत र चलचित्रका वार्तालापहरू पनि यसअन्तर्गत पर्दछन् (ढुङ्गेल र दाहाल, २०६८ : १८६) ।

#### २.२.१.४ आंशिक श्रुति

आंशिक श्रुति भन्नाले एकैपल्ट एकभन्दा बढी  कुराहरू सुन्नुपर्दा आफूलाई महत्त्वपूर्ण लागेका कुरा सुनी अर्को कुरामा पनि ध्यान दिनु हो । यस प्रकारको श्रुतिमा बालकको ध्यान पुरै एकतर्फ नगई आंशिक रूपमा दुबैतिर जाने भएकाले आंशिक श्रुति भनिएको हो । रेडियो खोलेर पढ्दै जाँदा आफूलाई आवश्यक वा महत्त्वपूर्ण कुरा सुन्ने श्रुति पनि आंशिक श्रुति अन्तर्गत पर्दछन् (ढुङ्गेल र दाहाल, २०६८ : १८६) ।

#### २.२.१.५ विश्लेषणात्मक श्रुति

सुनेको कुरा ठिक बेठिक छुट्याउन सक्ने गरी सुन्नु विश्लेषणात्मक श्रुति हो । कुनै पनि व्याख्यान वा अभिव्यक्ति सुनेपछि त्यसको खण्डन मण्डन गर्ने क्षमता हुनु विश्लेषणत्मक श्रुतिको विशेषता हो । यो श्रुति उच्च अर्थात् गहन पक्षसँग सम्बन्धित हुन्छ । विश्लेषणत्मक श्रुतिद्वारा व्यक्तिको सिर्जनात्मक क्षमताको विकास हुन्छ । विश्लेषणात्मक श्रुति प्रारम्भिक/ प्राथमिक तहका विद्यार्थीहरूका लागि भन्दा माथिल्ला कक्षाका लागि बढी उपयोगी मानिन्छ ( ढुङ्गेल र दाहाल, २०६८ : १८६) ।

### २.२.२ श्रुतिलेखन शिक्षणको आवश्यकता र महत्त्व

श्रुति शिक्षण विद्यार्थीहरूको भाषिक सीप विकासको एक महत्त्वपूर्ण कार्यकलापका रूपमा लिइन्छ । यो श्रुति शिक्षण कार्यकलाप प्रारम्भिक/प्राथमिक तहदेखि आवश्यकताअनुसार माथिल्ला तहमा पनि गराउन सकिन्छ (ढकाल, २०६८/०६९ : ८२, ८३) । श्रुति शिक्षणको आवश्यकता र महत्त्वलाई निम्नानुसार बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) विभिन्न प्रकारका ध्वनिहरूको पहिचान गर्न र शुद्ध उच्चारण गर्न ।

(ख) मौखिक अभिव्यक्तिका क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिको ख्याल गरी सुन्न र बुझ्न ।

(ग) आफूले देखेका र सुनेका विषयवस्तु, वातावरण तथा घटनाका विषयलाई सिलसिला मिलाई वर्णन गर्न ।

(घ) पढेका र सुनेका शब्दहरूको शुद्ध उच्चरण गर्न ।

(ङ) प्रवचन, व्याख्या, प्रश्नोत्तर जस्ता कुराको आशय बुझी व्यक्त गर्न ।

### २.२.३ श्रुतिलेखन शिक्षणको प्रयोजन

भाषिक सीप विकासका लागि श्रुतिलेखन केन्द्रीय तत्त्वका रूपमा लिने गरिन्छ । त्यसैले श्रुतिलेखन कार्यकलाप विद्यार्थीहरूको विविध सीपको विकास गर्न प्रयोगमा ल्याउन सकिन्छ (पौडेल, २०७० : ३१) । जसालई निम्नानुसार बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) भाषिक र भाषेत्तर ध्वनि छुट्ट्याई भाषाका ध्वन्यात्मक प्रक्रिया आत्मसाथ गर्ने क्षमताको विकास गर्नु ।

(ख) विविध ध्वनि पहिचान गरी शुद्ध उच्चारण गर्नु ।

(ग) भाषिक अभिव्यक्तिलाई एकाग्र भइ सुन्ने र भन्न खोजिएका कुरा बुझ्न र धारण गर्न सक्ने बनाउनु ।

(घ) लिखित र मौखिक अभिव्यक्तिको विचार, भाव, आशय आदि बुझी बोध क्षमताको विकास गर्नु ।

(ङ) सुनेका कुराहरू बुझी विविध ढङ्गले विश्लेषण गर्ने क्षमताका विकास गर्नु ।

### २.२.४ श्रुतिलेखन शिक्षणका कार्यकलापहरू

श्रुतिलेखन शिक्षणका कार्यकलापहरू तह हेरी ध्वनि विभेदीकरण, वर्णविभेदीकरण, शब्दविभेदीकरण लगायत विवादास्पद कुराहरूको श्रावण जस्ता कार्यकलापहरू सञ्चालन गर्नु राम्रो मानिन्छ । श्रुतिलेखनलाई पृथकीकृत शिक्षण नगरी वक्तासँग एकीकृत बनाई आवश्यकता परे पठन र लेखन कार्यसँग जोडेर पनि लैजान समेत शिक्षकले ध्यान दिनुपर्दछ (पौडेल, २०७० : ३५) । यसरी हेर्दा श्रुतिलेखन शिक्षणमा अवलम्बन गर्न सकिने कार्यकलापहरू निम्नानुसार छन् :

### २.२.४.१ ध्वनि विभेदीकरण

ध्वनि विभेदीकरण श्रुतिलेखन शिक्षणको पहिलो र महत्त्वपूर्ण कार्यकलाप हो । यस कार्यकलापअन्तर्गत शिक्षकले नेपाली भाषाका स्तर तथा व्यञ्जन ध्वनिहरूको उच्चारण गरी सुन्न लगाउनु पर्दछ । यसबाट स्वर तथा व्यञ्जन ध्वनि भित्रको विभिन्न ध्वनिहरूबिचको उच्चारणमा देखापरेका समानता र असमानता सुनाइका आधारमा विद्यार्थीले छुट्याउन सक्दछन् । यस कार्यकलापमा सुनाइका साथ बोलाइका गतिविधिहरू पनि सञ्चालन गर्नुपर्ने हुन्छ । ड्, ढ् ध्वनिलाई 'र' उच्चारण गर्नु गलत मानिन्छ (ओझा र जोशी, २०७३ : १११) । जस्तै पढ्नु-पर्नु, टाढा-टारा आदि विभिन्न किसिमका शब्दहरू उच्चारण गर्न लगाएर पनि ध्वनि विभेदीकरण पत्ता लगाउन सकिन्छ ।

### २.२.४.२ वर्ण विभेदीकरण

शिशु कक्षा र आधारभूत तहका प्रारम्भिक कक्षामा श्रुतिलेखन क्षमता विकासका लागि बर्ण विभेदीकरण महत्त्वपूर्ण मानिन्छ । हरेक अर्थभेदक ध्वनि नै वर्ण अनि वर्णको आपसी संयोजनबाट अक्षर र त्यसमाथिका भाषिक एकाइहरू तयार हुने भएकाले समग्र भाषिक क्षमता विकासमा वर्ण विभेदीकरण अभ्यास महत्त्वपूर्ण मानिन्छ । अतः वर्ण छुट्याउने पहिचान गर्ने र तिनका अर्थगत भिन्नता छुट्याउने प्रासङ्गिक अभ्यास श्रुतिलेखनका आधारभूत कार्यकलाप मानिनछन् । जसमा अर्थभेदक वर्ण भएका शब्दयुग्मको श्रावण गराउन सकिन्छ, जस्तैः ताप-टाप, चल-छल, धुलो-ठुलो आदि (पौडेल, २०७० : ३५) ।

### २.२.४.३ शब्द विभेदीकरण

उच्चरणगत भिन्नता जस्ता कारणले शब्द शब्दको कार्यगत वा अर्थगत भिन्नता गर्न सक्ने क्षमता पनि श्रुतिलेखनका लागि आधारभूत आवश्यकता मानिन्छ । हुन त कतिपय शब्द विभेद वर्णगत विभेदबाट छुट्याउन सकिन्छ । तापनि शब्दलाई नै आधार बनाइ सुनाएर फरक छुट्याउन लगाउनु छुट्टै प्रकारको कार्यकलाप बन्न सक्छ । यस्तो कार्यकलाप स्तर हेरी आधारभूत तहसम्म सञ्चालन गर्न सकिन्छ । यसका लागि श्रुतिसमभिन्नार्थक शब्द, पदयोग, पदवियोग, हलन्त र अजन्त आदि शब्दहरू सुनाइ फरक छुट्याउन लगाउन सकिन्छ । जस्तैः दिन - दीन, बाजि-बाजी, थाम छ- थाम्छ, भनिन-भनिन्, बसन-बस्न आदि शब्दहरू सुनाइ भिन्नता छुट्याउन लगाउन सकिन्छ (पौडेल, २०७० : ३६) ।

#### २.२.४.४ वाक्य विभेदीकरण

वाक्यात्मक संरचनाका आधारमा अर्थ र आशयगत भिन्नता छुट्याउने कार्यकलाप प्रारम्भिकदेखि माध्यमिक र उच्चमाध्यमिक तहसम्म सञ्चालन गर्न सकिन्छ । उच्चारणको आघात, गति यति स्वर प्रसारण (अनुतान/सुर), वाक्यात्मक भाव, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, करण, अकरण, प्रेरणार्थक, वाच्य, पदयोग, पदवियोग, हलन्त, अजन्त, क्रिया प्रयोग आदिका आधारमा फरक संरचना भएका वाक्यहरू सुनाइ छुट्याउन लगाउन सकिन्छ । जस्तैः उनीहरू गए । उनीहरू गए । उनीहरू गए ? (स्वर प्रसारण), **म** घर गएँ । म **घर** गएँ । म घर **गएँ** (आघात) आदि आधारमा फरक छुट्याउन लगाई श्रुतिलेखन शिक्षण गर्न सकिन्छ (पौडेल, २०७० : ३६) ।

#### २.२.४.५ श्रुति निर्देशन

शिशु कक्षा वा प्रारम्भिक कक्षा र त्यसमा पनि विमातृभाषी विद्यार्थीहरूको कक्षामा श्रुति निर्देशनको कार्यकलाप श्रुतिलेखनको आधारभूत कार्यकलाप मानिन्छ । शिक्षकले मौखिक रूपमा विभिन्न निर्देशन गर्ने र सोअनुरूप विद्यार्थीलाई तत्परताका साथ काम गर्न लगाउने रोचक कार्यकलाप सञ्चालन गर्न सकिन्छ । विद्यार्थीहरूको प्रकृति र विभिन्न समूहमा पनि यस्तो कार्यकलाप गराउन सकिन्छ । श्रुति निर्देशनका लागि विभिन्न सन्दर्भहरूलाई समेटन सकिन्छ, जस्तै साथीलाई इसाराले बोलाऊ, झ्यालतिर जाऊ, किताब खोलेर पढ आदि कार्यकलाप गराउन सकिन्छ (पौडेल, २०७० : ३७-३८) ।

#### २.२.४.६ श्रुति उच्चारण

पाठ्यपुस्तकका पाठहरूमा भएका विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्द र तिनका अक्षर संरचनाका सरलता र जटिलतालाई ख्याल गरी उपयुक्त उच्चारणको अभ्यास गराउनुलाई श्रुति उच्चारण भनिन्छ । नेपालीमा कतिपय यस्ता प्रसङ्गहरू छन्, जो जस्तो लेखिन्छ त्यस्तै उच्चारण नहुन सक्छन् : जस्तै कन्या-कन्न्या, विद्या-विद्द्या, नेपाल-नेपाल्, स्कुल-इस्कुल आदि रहेका छन् । यस कार्यकलापलाई प्रारम्भदेखि माध्यमिक तहमा कतिपय अवस्थामा अभ्यासका लागि सञ्चालन गर्नुपर्ने हुन्छ । जे भए पनि श्रुतिलेखनका श्रुति उच्चारण अभ्यास महत्त्वपूर्ण खुराक हो भन्ने कुराको हेक्का राखी निरन्तर सञ्चालन गर्न आवश्यक छ (पौडेल, २०७० : ३८) ।

#### २.२.४.७ श्रुति प्रयोग

विद्यार्थीहरूको स्तर वा कक्षाअनुरूप उपयुक्त हुने खालका शब्द, पदावली, उखान, टुक्का र विविध पारिभाषिक/प्राविधिक शब्दहरूलाई विविध सन्दर्भमा प्रयोग गरी श्रुति प्रयोग कार्यकलाप गराउन सकिन्छ । यस कार्यकलापलाई पनि आवश्यकताअनुसार पूर्णाङ्गी अथवा कुनै पाठ शिक्षणको आङ्गिक कार्यकलापको रूपमा दिनु आवश्यक छ । शब्दको प्रासङ्गिक अर्थबोध गर्ने क्षमता विकासमा यसले प्रभावकारी सहयोग पुऱ्याउने हुनाले श्रुतिलेखन शिक्षणमा अपरिहार्य युक्तिका रूपमा लिन सकिन्छ (पौडेल, २०७० : ३९) ।

#### २.२.४.८ श्रुति लय/अनुप्रास

श्रवण/कलाको महत्त्वपूर्ण कार्यकलाप श्रुतिलय वा श्रुति अनुप्रास हो । उस्तै उस्तै खालका ध्वनि, वर्ण, शब्द, पदावलीको नियमित आवृत्ति नै अनुप्रास हो । जुन कविता साहित्यको महत्त्वपूर्ण शब्दालङ्कार पनि हो । कुनै छन्दोबद्ध वा मुक्त लयात्मक कविता सुनाएर उपयुक्त लय हाली दोहोऱ्याउन लगाउने वा खास किसिमको तुकबन्दी मिलेका शब्द, पदावली वा वाक्य बनाउन लगाउने आदि अभ्यास गराउन सकिन्छ । यो कार्यकलाप स्तरअनुरूप सबै तह र कक्षामा सञ्चालन गर्न सकिन्छ । यस कार्यकलापले भाषिक कौशल विकास गर्न, कल्पना, भावना र सङ्गीतात्मक सौन्दर्य निर्माण गर्न अनुप्रासात्मक लयको महत्त्वपूर्ण भूमिका रहन्छ (पौडेल, २०७० : ३९) ।

#### २.२.४.९ श्रुति कथाकथन

श्रुतिलेखनका कार्यकलापहरूमध्ये श्रुति कथाकथन पनि एक महत्त्वपूर्ण कार्यकलाप हो । विद्यार्थीहरूमा श्रवण एकाग्रता निर्माण गरी बुझ्न, धारण गर्न र सोहीअनुरूप मुखमुद्रा, हाउभाउ जस्ता भाषेत्तर कार्यकलापको साथ कथन अभिव्यक्ति विकास गर्न यो कार्यकलाप प्रभावकारी मानिन्छ । यसका लागि शिक्षक र अझ सम्भव भए कुनै विशिष्ट कथाकार, लोक गाथाका अथवा सम्बन्धित क्षेत्रको विशेषज्ञ व्यक्तिमार्फत कक्षामा स्तरअनुरूपका मनोरञ्जक, ज्ञानवर्धक, बुद्धिवर्धक, कल्पना शक्तिवर्धक आदि खालका कथा चुट्किला र गाथाहरू सुनाउन सकिन्छ । यस कार्यकलापलाई श्रुतिलेखन शिक्षणको अभिन्न अङ्गका रूपमा लिई स्तरअनुसार सबै तहमा सञ्चालन गरिनु राम्रो मानिन्छ (पौडेल, २०७० : ३९, ४०) ।

### २.२.४.१० श्रुति वर्णन

विद्यार्थीहरूलाई खास किसिमको स्तरयुक्त घटना, विषयवस्तु, विचार, समाचार आदि सुनाइ त्यसका आधारमा आलोचना गरी भन्न लगाउने किसिमको कार्यकलापलाई श्रुति वर्णन भनिन्छ । श्रुति वर्णनलाई मौखिक र लिखित रूपमा पनि वर्णन गर्न सकिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्दा सुनाउनु पर्ने कुराहरूको पूर्व जानकारी गराउन आवश्यक रहन्छ । केही कुराको श्रवण गरिसकेपछि विद्यार्थीहरूलाई कसैलाई कुनै र कसैलाई कुनै विषयवस्तुका बारेमा पालैपालो वर्णन गर्न लगाउन सकिन्छ । यसले गर्दा सबै खाले विद्यार्थीहरूको प्रतिनिधित्व हुने र सबैको श्रवण एकाग्रता, स्मरण शक्ति र ग्रहण वा धारण शक्तिको विकास भई कथन अभिव्यक्ति विकासका लागि यो कार्यकलाप निकै प्रभावकारी हुने देखिन्छ (पौडेल, २०७० : ४०) ।

### २.२.४.११ श्रुतिलेखन

सुनेर बुझेका आधारमा लेख्नु नै श्रुतिलेखन हो । खास गरी यसलाई लेखाइ सीप विकासका लागि अभिन्न अङ्गका रूपमा पनि लिइन्छ । यस कार्यकलापलाई भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणका लागि पनि अभिन्न अङ्गका रूपमा लिन सकिन्छ । त्यसैले श्रुतिलेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्गका रूपमा रहेको छ । विद्यार्थीहरूले सुनेका भरमा लेखेका कुराहरूलाई उच्चारण र वर्णविन्यास आदि पक्षमा सुधार गरी श्रुतिलेखन गर्न गराउन सकिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्दा शान्त वातावरण र दिमाग, कान, आँखा र हातको कुशल संयोजन हुन आवश्यक हुन्छ । यस्तो कार्यकलाप वर्णदेखि अनुच्छेद तथा सङ्कथनसम्म कम्तिमा दुईपटक जति उच्चारण गरी गर्न गराउन सकिन्छ (पौडेल, २०७० : ४०, ४१) ।

### २.२.४.१२ श्रुति रचना

श्रुति रचना श्रुतिलेखन क्षमता विकासको उत्कृष्ट कार्यकलाप हो । कुनै कथा, चुट्किला, निबन्ध जीवनी आदि सुनेर त्यसैका आधारमा लिखित वा मौखिक रूपमै सिलसिलाबद्ध प्रस्तुति वा अभिव्यक्ति दिनुलाई श्रुति रचना भन्न सकिन्छ । यस्तो कार्यकलापबाट विद्यार्थीहरूको ध्यानपूर्वक सुन्ने, धारण गर्ने र स्मरण गरी सिलसिला मिलाएर लिपिबद्ध गर्ने अथवा वाणीमा परिणत गर्ने भाषिक कलाको विकास गर्न महत्त्वपूर्ण सहयोग पुग्दछ । यस्तो कार्यकलाप प्राथमिक तहभन्दा पनि माध्यमिक तहका लागि बढी उपयोगी

हुन्छ । यस्तो कार्यकलाप धेरैजसो लिखित रूपमै  गराउन सकिन्छ (पौडेल, २०७० : ४१, ४२) ।

### २.२.४.१३ श्रुतिबोधात्मक प्रश्नोत्तर

शिक्षकले शिक्षणका क्रममा गरेका व्याख्यान, वाचन अथवा अन्य कुनै प्रासङ्गिक कुराहरू सुनेपछि गरिने त्यससँग सम्बन्धित प्रश्नोत्तर कार्यकलापलाई श्रुतिबोधात्मक प्रश्नोत्तर भनिन्छ । सुनेर बुझेका आधारमा गरिने सवाल जवाफ भाषा शिक्षणका लागि मात्र नभई समग्र शैक्षिक गतिविधिका लागि पनि यो कार्यकलाप अपरिहार्य छ । यस्तो कार्यकलाप शिक्षकले कुनै कुरा सुनाए पछि त्यसबाट स्तरयुक्त प्रश्न विद्यार्थीलाई सोध्ने र विद्यार्थीले जवाफ दिने खालको हुन्छ । यो कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीहरूलाई पूर्व सचेत र तत्पर बनाउन आवश्यक परे स्पष्ट र मन्द गतिमा दोहोऱ्याएर सुनाउने र सुनेका कुराको कुनै जिज्ञासा भए विद्यार्थीलाई भन्न लगाई तिनको निदान गर्न प्रश्नोत्तर गर्ने, जवाफ दिँदा स्मरण गर्ने अवसर दिने, प्रश्नको जवाफ हात उठाएर पालैपालो दिन लगाउने जस्ता प्रक्रियाहरू अगाल्न सकिन्छ (पौडेल, २०७० : ४२, ४३) ।

### २.२.४.१४ श्रुति बुँदाटिपोट

कुनै पाठ वा घटना, विचार, प्रतिवेदन, लेख, समाचार, टिप्पणी आदि सुनाइ त्यसका आधारमा विद्यार्थीहरूलाई मुख्य मुख्य कुराहरू टिपोट गर्न लगाउने कार्यकलापलाई श्रुति बुँदा टिपोट भनिन्छ । यस कार्यकलापलाई श्रुतिबोधात्मक कार्यकलाप भित्रै पनि समेट्न सकिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न्न लगाउने र नबुझेका ठाउँमा प्रश्न सोध्न  प्रेरित गर्नुपर्छ । यो कार्यकलाप मौखिकभन्दा लिखित रूपमा गराउनु उचित हुन्छ । यो कार्यकलाप प्राथमिक र निम्नमाध्यमिक भन्दा पनि माथिल्लो तहका लागि बढी उपयोगी हुन्छ । बुँदा टिपोट गर्दा पूर्ण अपूर्ण दुबै वाक्यमा गराउन सकिन्छ (पौडेल, २०७० : ४३) ।

### २.२.४.१५ श्रुति सारांश

यो कार्यकलाप पनि श्रुति बुँदा टिपोट जस्तै प्रासङ्गिक कुराहरू सुनेर त्यसका आधारमा सारभूत कुराहरू मात्र सम्झेर भन्नु वा लेख्नु पर्ने अलि उच्चस्तरीय कार्यकलाप हो । यस कार्यकलापलाई पनि केही हदसम्म श्रुतिबोधात्मक प्रश्नोत्तर कार्यकलापभित्र समेट्न सकिन्छ । यसबाट ध्यान दिएर मुख्य कुरा बुझी सुन्ने उच्चस्तरीय क्षमता विकास गर्न

सहयोग मिल्छ । यो कार्यकलाप तल्ला कक्षाभन्दा पनि माथिल्ला कक्षामा बढी उपयोगी हुन्छ । यो कार्यकलाप सञ्चालन गर्दा सारांश लेखनका सान्दर्भिक नमुनाहरू प्रस्तुत गरी अघि सार्नु राम्रो मानिन्छ (पौडेल, २०७० : ४४) ।

### २.२.४.१६ श्रुति विवाद

कुनै पनि विवादास्पद कुराहरूका बारेमा पक्ष-विपक्ष, सहमत-असहमत, समर्थन-असमर्थन वा खण्डन मण्डन गर्न मिल्ने जस्ता विषयवस्तु, श्रवण गएर विद्यार्थीहरूलाई सम्बन्धित विषयको पक्ष वा विपक्षमा बोल्न वा लेख्न लगाउने कार्यकलापलाई श्रुति विवाद कार्यकलाप भनिन्छ । जस्तैः तरबार ठूलो की कलम ठुलो, विद्या ठुलो की धन ठुलो आदि जस्ता विषयमा पक्ष विपक्ष बनाइ खण्डन मण्डन गर्न लगाइ यो कार्यकलाप सञ्चालन गर्न सकिन्छ । यो कार्यकलाप प्रारम्भिक तहदेखि उच्च तहका विद्यार्थीहरूलाई स्तरीकृत ढङ्गबाट सञ्चालन गर्न सकिन्छ । यस्ता किसिमका कार्यकलापले विद्यार्थीको ध्यानपूर्वक सुने, स्मरण गर्ने, आवश्यक तर्क-वितर्क आदि उत्कृष्ट श्रुतिबोधात्मक क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ (पौडेल, २०७० : ४४) ।

उपर्युक्त बाहेक अन्य विविध कार्यकलापहरू पनि गराउन सकिन्छ । जस्तैः श्रुति प्रतिवेदन, श्रुतिविवेचना, श्रुति विश्लेषण, श्रुति समीक्षा, श्रुति विचार विमर्श, श्रुति संवाद, श्रुति अभिनय, श्रुति सम्भाषण आदि आवश्यकता हेरी विभिन्न तहमा सञ्चालन गर्न सकिन्छ (पौडेल, २०७० : ४४, ४५) ।

### २.२.५ भाषिक सीप विकासमा श्रुतिलेखन कार्यकलापले पार्ने प्रभाव

(क) ध्वनि पहिचान गर्न सहयोग पुऱ्याउँछ ।

(ख) उच्चारणअनुसार मानक लेखनमा सहयोग पुऱ्याउँछ ।

(ग) उपयुक्त हिज्जे, वर्णविन्यास, लेख्यचिह्न प्रयोग क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

(घ) सुनेका आधारमा लेख्न सक्ने कुरामा सहयोग पुऱ्याउँछ ।

(ङ) द्रुत लेखन क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

### २.२.६ श्रुतिलेखन कार्यमा विद्यार्थीहरूले गर्न त्रुटिका क्षेत्रहरू

(क) उचित चिह्नको प्रयोगमा ध्यान नदिइ लेख्नु ।

(ख) उच्चरित रूपअनुसार सही वर्ण मिलाएर लेख्न नसक्ने ।

(ग) सुन्दा उस्तै उस्तै लाग्ने वर्णहरू लेख्दा अलमलिनु ।

(घ) ध्यानपूर्वक नसुनी गलत ध्वनि तथा वर्णहरू लेख्नु ।

### २.२.७ श्रुतिलेखन गराउँदा शिक्षकले ध्यान दिनुपर्ने कुराहरू

(क) कक्षाकोठाको वातावरणलाई शान्त र मर्यादित बनाउने ।

(ख) विद्यार्थीलाई शब्द उच्चारण नगरी लेख्न लगाउने ।

(ग) पहिले पढिसकेका पाठबाट श्रुतिलेखन गराउने ।

(घ) विद्यार्थीहरूको स्तरअनुसार सामग्री छनोट गरी श्रुतिलेखन गराउने ।

(ङ) लेख्य सामग्रीलाई विद्यार्थीहरूको प्रकृति हेरी दोहोऱ्याइ दिने ।

## २.३ निष्कर्ष

समग्रमा भन्नुपर्दा भाषाका चार सीपमध्ये सुनाइ सबैभन्दा पहिलो र महत्त्वपूर्ण सीप हो । जुन भाषा शिक्षणको आधारशीला पनि हो र ज्ञान विकासको आधारभूत माध्यम पनि हो । सुनाइ सीप पश्चात क्रमशः अरू सीपको विकास पनि हुँदै जान्छ । सुनाइ सीप सँगसँगै लेखाइ सीपको पनि उत्तिकै महत्त्व रहेको छ । सुनाइ र लेखाइ एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् । जसलाई श्रुतिलेखन भनिन्छ । श्रुतिलेखन सुनेर बुझेका आधारमा भन्ने वा लेख्ने कार्य हो । श्रुतिलेखनले विद्यार्थीहरूको ध्वनि पहिचान, शुद्ध उच्चारण, सही अभिव्यक्ति, मानक लेखन तथा विश्लेषण जस्ता पक्षहरूको क्षमता विकासमा निकै सहयोग पुऱ्याएको हुन्छ । कहिलेकाहीँ विद्यार्थीहरू गलत सुनाइ, गलत चिह्नको प्रयोग, अमानक लेखन जस्ता त्रुटिहरू गर्ने गर्दछन् । त्यसैले शिक्षकले जहिले पनि यस्ता कुरामा ध्यान दिनुपर्ने हुन्छ । अतः श्रुतिलेखन विद्यार्थीहरू र शिक्षकबिच तादात्म्य हिसाबले गर्ने गराउनुपर्ने हुन्छ । तसर्थ श्रुतिलेखन कार्यकलापले भाषिक सीप विकासको समग्र पक्षमा सहयोग पुऱ्याएको हुन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अध्ययन तथा अनुसन्धान  गर्ने क्रममा निश्चित विधि र प्रक्रिया निर्क्योल गर्नुपर्ने हुन्छ । यसर्थ यस अध्ययन तथा अनुसन्धान प्रस्तावका लागि विधि र प्रक्रिया निम्नानुसार अपनाइएको छ ।

## ३.१ अध्ययन विधि

अनुसन्धानकर्ताले अनुसन्धानका क्रममा देखिएका समस्याहरूलाई समाधान गर्न अपनाइने विधिलाई अनुसन्धान विधि भन्ने गरिन्छ । यसरी अनुसन्धानकर्ताले समस्या समाधानका लागि अध्ययन स्थलमा गएर क्षेत्रीय विधिमार्फत् अनुसन्धान गर्न सक्छ । यसर्थ कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्न प्रत्यक्ष रूपमा विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रित गरी क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

शोधपत्र लेखनका क्रममा विभिन्न प्रक्रियालाई अपनाएर अध्ययन गर्नाले अध्ययन कार्य सफल हुन जान्छ । जसले गर्दा निश्चत प्रक्रिया अपनाएर अध्ययन गरेमा अध्ययन प्रभावकारी हुन्छ । तसर्थ शोधपत्र लेखनका क्रममा निम्न प्रक्रियाका आधारमा अनुसन्धान गरिएको छ ।

### ३.२.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनमा आधारित रहेको छ । यस अध्ययनमा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा परिभाषित गरिएको छ :

### ३.२.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका सम्पूर्ण विद्यालयलाई लिन असम्भव हुने भएकाले प्रतिनिधि नमुनाका रूपमा घोडाघोडी नगरपालिकाका तीनवटा सामुदायिक र

तीनवटा संस्थागत विद्यालय गरी दशदश जनाका दरले ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ ।

(क) **विद्यालय छनोट**

यस अध्ययनको सिलसिलामा विद्यालय छनोटका क्रममा कैलाली जिल्लाभित्र रहेका विद्यालयहरूमध्येबाट घोडाघोडी नगरपालिकाका तीन  सामुदायिक र तीन संस्थागत गरी ६ वटा विद्यालयहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| श्री सीता कुण्ड माध्यमिक विद्यालय | श्री कलमबम मेमोरियल इङ्लिस स्कुल |
| श्री कान्तिराज्य लक्ष्मी माध्यमिक विद्यालय | श्री ज्ञानज्योति विद्यामन्दिर इङ्लिस स्कुल |
| श्री जनकल्याण माध्यमिक विद्यालय | श्री नवज्योति विद्यामन्दिर इङ्लिस स्कुल |

(ख) **विद्यार्थी छनोट**

यस अध्ययनका क्रममा छनोटमा परेका विद्यालयहरूबाट प्रति विद्यालय १० जनाका दरले ५ छात्र र ५ छात्रा पर्ने गरी विद्यार्थीको छनोट गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूलाई परिशिष्टमा उल्लेख गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनको स्रोत

सामग्री सङ्कलनका क्रममा खास गरी दुई तरिकाबाट गर्न सकिन्छ :

### ३.३.१ प्राथमिक स्रोत

यस शोधपत्र तयार पार्नका लागि प्राथमिक स्रोतका रूपमा विद्यार्थीहरूले लेखेको उत्तरपुस्तिकालाई लिई अनुसन्धान गरिएको छ ।

तथ्याङ्क सङ्कलनका नमुनाको रूपमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूबाट निर्धारित शीर्षक उच्चारण गरी निश्चित पाठ र समयमा श्रुतिलेखन गर्न लगाइएको छ । नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएका विद्यालयबाट तथ्याङ्क सङ्कलन गरी

श्रुतिलेखन क्षमता आधारभूत तहका विद्यार्थीहरूलाई निश्चित समय र शान्त वातावरणमा गर्न लगाइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ । द्वितीयक स्रोतका रूपमा विभिन्न पूर्व अध्ययन सामग्रीहरू र पाठ्यपुस्तकका सामाग्रीहरूलाई आधार बनाएर अध्ययन गरिएको छ ।

### ३.३.३ सामग्री निर्माण

प्रस्तुत अध्ययनमा प्रत्यक्ष रूपमा विद्यार्थीहरूको संलग्नता आवश्यक हुने र त्यसमा उनीहरूको श्रुतिलेखन क्षमता पहिचान गर्नुपर्ने भएकाले त्यससँग सम्बन्धित सामग्रीका रूपमा एउटा अनुच्छेद, विभिन्न किसिमका दशवटा वाक्यहरू र विभिन्न किसिमका दशवटा शब्दहरू छनोट गरी विद्यार्थीहरू माझ परीक्षण गरिएको छ ।

श्रुतिलेखन कार्य सम्पन्न भएपश्चात् विद्यार्थीहरूले लेखेको अनुच्छेद, वाक्यहरू र शब्दहरूको परीक्षणबाट प्राप्ताङ्क नै अध्ययनको तथ्याङ्क हुने भएकाले विद्यार्थीहरूको उत्तरपुस्तिका सङ्कलनपश्चात शोधनिर्देशकको सल्लाहअनुसार उत्तरकुञ्जिका तयार पारिएको छ । परीक्षणबाट प्राप्ताङ्कलाई लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता वर्गीकरण गरी तालिकीकरण पनि गरिएको छ ।

श्रुतिलेखन क्षमताको अङ्क निर्धारणका लागि निम्नानुसार मूल्याङ्कन ढाँचा रहेको छ ।

| | | | |
|---|---|---|---|
| शब्दको शुद्ध लेखन/वर्णविन्यास : | ३० | अनुच्छेद : | ३५ |
| चिह्न प्रयोग : | २० | वाक्य : | १० |
| | | शब्द : | ५ |
| जम्मा | ५० | जम्मा : | ५० |

माथि उल्लेखित मूल्याङ्कनका ढाँचामा विद्यार्थीहरूका उत्तरपुस्तिका परीक्षण गरिएको छ । जसमा मापन गर्दा चारवटा वर्णविन्यास गलत गरेबापत एक अङ्क घटाइनेछ

र दुई ठाउँमा चिह्न प्रयोग गलत गरेबापत एक अङ्क घटाइनेछ । यसरी सामग्रीको मापन गरिएको छ ।

### ३.३.४ परीक्षण कार्यान्वयन

अध्ययनका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापक र विषय शिक्षकसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराइदिनु हुन अनुरोध गरिएको छ । त्यसपछि विद्यार्थीहरूलाई शान्त र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नुपूर्व परीक्षाका बारेमा निर्देशन गरिएको छ । जसमा निर्धारित श्रुतिलेखनका लागि ३०/१५/५ मिनेट गरी जम्मा ५० मिनेट समय सीमाभित्र श्रुतिलेखन कार्य सम्पन्न गराइएको छ । समयावधि समाप्त पश्चात उत्तरपुस्तिका सङ्कलन गरिएको छ ।

### ३.३.५ व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा तथ्याङ्कको वर्गीकरण र तालिकीकरण पश्चात् अङ्कलाई मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता के कस्तो रहेको छ भनी पत्ता लगाउने काम गरिएको छ । तथ्याङ्क विश्लेषणपश्चात् प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्तर निर्धारणका लागि ७० भन्दा माथि ल्याउने उच्च, ५०-६९ सम्म ल्याउने मध्यम र ३०-४९ सम्म ल्याउनेलाई निम्न स्तर मानिने छ । प्राप्त तथ्याङ्कलाई स्तम्भचित्र र वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याउन सकिने साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

निष्कर्षमा भन्नुपर्दा माथि उल्लेखित सामग्री सङ्कलनमा आवश्यक सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरिएको छ । यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन सकेसम्म प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसरी यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास पनि गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिल्याउने उद्देश्यसँग केन्द्रित रहेको छ । यस अध्ययनमा तीन सामुदायिक र तीन संस्थागत गरी जम्मा ६ विद्यालयबाट १०/१० विद्यार्थीका दरले ६० जना विद्यार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । जसमा समग्र रूपमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विश्लेषण विभिन्न आधारमा गरिएको छ। विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विश्लेषणका लागि विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी र दोस्रोभाषी र लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरू रहेका छन् । यस अध्ययनको व्याख्या विश्लेषणलाई वस्तुगत र वैज्ञानिक बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशताङ्क, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ।

### ४.१ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण

कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १

**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण**

| कुल विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७० -१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | २० | ३३ | ३० | ५० | १० | १७ |


प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्कमा गणना गरिएको छ । जसमा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका ६० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा तीन श्रेणीमा निर्धारण गरिएको छ । ३० देखि ४९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ३३

देखिन्छ । त्यसैगरी ५० देखि ६९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ५० देखिन्छ । त्यसैगरी ७० देखि १०० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १० र प्रतिशत १७ रहेको देखिन्छ ।

यसरी तीन तहमा स्तर निर्धारण गरिएको अध्ययन र विश्लेषणमा निम्न श्रेणी मापन गरिएको ३० देखि ४९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ३३ र मध्यम श्रेणी मापन गरिएको ५० देखि ६९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ५० र उच्च श्रेणी मापन गरिएको ७० देखि १०० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १० र प्रतिशत १७ देखिएको छ । यस अध्ययनमा मापन गरिएको मध्यम अङ्क ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४० र प्रतिशत ६७ र ५० प्रतिशतभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ३३ देखिएको भए तापनि ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६७ प्रतिशत देखिन्छ । यस अध्ययनका आधारमा हेर्दा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

**चित्र नं. १**


**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण**



माथिको चित्रमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रस्तुत गरिएको छ । ५० देखि ६९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सबैभन्दा बढी रहेकाले समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । माथिका तालिकालाई अझ स्पष्ट पार्नका लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र न. २

**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण**




माथि समग्र विद्यार्थीहरूका श्रुतिलेखन क्षमतालाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ । ५० देखि ६९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सबैभन्दा बढी रहेकाले समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.२ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २

**समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५४.२५ | १५.२८ | ३१ | ५२ | २९ | ४८ |

माथि उल्लिखित तालिकाअनुसार नमुना छनोटमा परेका ६० जना विद्यार्थीहरूको समग्र मध्यमान ५४.२५ र मानक विचलन १५.२८ रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा समग्र विद्यार्थीहरूको प्राप्ताङ्कबीचको फैलावट धेरै रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५२ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४८ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि ५२ प्रतिशत र मध्यमानभन्दा तल ४८ प्रतिशत रहनुले समग्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति सन्तोषजनक रहेको देखिन्छ ।

# अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूमा गरिएको यस अध्ययनमा सामुदायिकतर्फ ३ वटा र संस्थागत तर्फका ३ वटा विद्यालय छनोट गरिएका छन् । यस अध्ययनमा यी दुवै तर्फका विद्यालयका विद्यर्थीहरूबीच श्रुतिलेखन क्षमता के-कति अन्तर रहेको छ भनी तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिको व्याख्या तथा विश्लेषण छुट्टाछुट्टै रूपमा तल प्रस्तुत गरिएको छ ।

### ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लामा रहेका सामुदायिक विद्यालयलाई नमुनाका रूपमा लिएको छ । नमुना छनोटमा परेका ३ वटा सामुदायिक विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा गरी ३० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । यसरी छनोटमा परेका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन**

| कुल विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ९ | ३० | १७ | ५७ | ४ | १३ |

माथि उल्लिखित तालिकाअनुसार नमुना प्रतिनिधि जनसङ्ख्याको रूपमा ३० जना विद्यार्थीहरू लिइएका छन् । उक्त तालिकाअनुसार विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विश्लेषण गर्न तीन श्रेणी निर्धारण गरिएको छ । जसअनुसार निम्न श्रेणी निर्धारण गरिएको ३०-४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ र प्रतिशत ३० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ र


प्रतिशत ५७ रहेको देखिन्छ । त्यसैगरी ७०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ र प्रतिशत १३ रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार मध्यम श्रेणीमा सबैभन्दा बढी विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ र उच्च श्रेणीमा सबैभन्दा कम विद्यार्थीहरूको सङ्ख्या ४ र प्रतिशत १३ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ठिकै रहेको देखिन्छ । यसरी हेर्दा कैलाली जिल्लाका सामुदायिक विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**चित्र नं. ३**


**सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन**




माथि उल्लिखित तालिकाको आधारमा सबैभन्दा बढी विद्यार्थीहरू ५०-६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या बढी देखिन्छन् भने सबैभन्दा कम ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या जम्मा ४ जना मात्र देखिन्छन् र ३०-४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ९ जना रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अझ स्पष्ट पार्नका लागि वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ४

सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन




माथि उल्लिखित वृत्तचित्रको आधारमा सबैभन्दा बढी विद्यार्थीहरू ३०-४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या देखिन्छन् भने सबैभन्दा कम ७०-१०० प्रतिशतसम्म ४ जना मात्र रहेको देखिन्छ ।

### ५.१.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ४

सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५४.८ | १४.०६ | १६ | ५३ | १४ | ४७ |

माथि उल्लिखित तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलनको विवरण ५४.८ र १४.०६ रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै रहेको देखिन्छ । त्यसैगरी तालिकामा उल्लिखित मध्यमान ५४.८ लाई आधार मान्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५३ प्रतिशत र मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४७ प्रतिशत रहेको देखिन्छ । विद्यार्थीहरूले पाएको प्राप्ताङ्कको विश्लेषण गर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरू धेरै र मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या थोरै भएकाले कैलाली जिल्लाका सामुदायिक विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लामा रहेका संस्थागत विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुना छनोटमा परेका तीनवटा संस्थागत विद्यालयबाट पाँचजना छात्र र पाँच जना छात्रा पर्ने गरी प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । तीनवटा संस्थागत विद्यालयबाट जम्मा ३० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५**

**संस्थागत विद्यालयमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन**

| कुल विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ११ | ३७ | १३ | ४३ | ६ | २० |

माथि उल्लिखित तालिकाअनुसार संस्थागत विद्यालतर्फबाट नमुना प्रतिनिधिका रूपमा ३० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा छनोट गरिएको छ । उक्त तालिकाअनुसार विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्कमा गणना गरिएको छ । जसमा उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा तीन श्रेणी निर्धारण गरिएको छ । यसरी


उक्त तालिकालाई आधार मान्दा ३०-४९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ११ र प्रतिशत ३७ रहेको देखिन्छ। त्यसैगरी ५०-६९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ।

यसरी माथि उल्लिखित तालिकाअनुसार सबैभन्दा तल्लो श्रेणी ३०-४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ र प्रतिशत ३७ रहेको देखिन्छ र सबैभन्दा माथिल्लो श्रेणी ७०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको ६ र प्रतिशत २० रहेको देखिन्छ भने अरू सबै विद्यार्थीहरू मध्यम श्रेणीका रहेको देखिन्छ । तसर्थ प्रतिशताङ्कका आधारमा हेर्दा कैलाली जिल्लाका संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ। यस श्रुतिलेखन कार्यकलापलाई उच्च विन्दुमा पुऱ्याउनको लागि विशेष जोड दिनुपर्ने देखिन्छ।

संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्क विवरणलाई स्तम्भ चित्रमा यसरी प्रस्तुत गरिएको छ :

**चित्र नं. ५**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन**





माथि उल्लिखित तालिकाअनुसार सबैभन्दा बढी विद्यार्थीहरूको सङ्ख्या ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने रहेको देखिन्छ भने सबैभन्दा कम विद्यार्थीहरूको सङ्ख्या ७०-

१०० प्रतिशतसम्म अङ्क ल्याउने रहेको देखिन्छ । यसरी तालिकाका आधारमा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । माथिको तालिकालाई अझ स्पष्ट पार्नको लागि बृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**चित्र नं. ६**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन**




माथि उल्लिखित वृत्तचित्रअनुसार सबैभन्दा बढी विद्यार्थीहरूको सङ्ख्या ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने रहेको देखिन्छ भने सबैभन्दा कम ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउन रहेको देखिन्छ । यसरी हेर्दा वृत्तचित्रका आधारमा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ५.२.१ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

मध्यमान र मानक विचलनका आधारमा कैलाली जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५३.८६ | १६.४० | १५ | ५० | १५ | ५० |

माथि उल्लिखित तालिकाअनुसार कैलाली जिल्लाका संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणमा मध्यमान ५३.८६ र मानक विचलन १६.४० रहेको देखिन्छ। यसरी माथिको तालिकालाई आधार मान्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने मध्यमानभन्दा ५० रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यमानका आधारमा विश्लेषण गर्दा बराबर रहेको देखिन्छ । त्यसैले संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ।

### ५.२.२ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति पत्ता लगाउने विषयसँग सम्बन्धित रहेको छ। कैलाली जिल्लाका सामुदायिक र संस्थागत विद्यालयबाट नमुना छनोटका रूपमा तीन सामुदायिक र तीन संस्थागत विद्यालय गरी जम्मा छवटा विद्यालयका ६० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति के-कति अन्तर रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण

गरिएको छ । विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति**

| विद्यार्थी सङ्ख्या | ३०-४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक ३० | ९ | ३० | १७ | ५७ | ४ | १३ |
| संस्थागत ३० | ११ | ३७ | १३ | ४३ | ६ | २० |

माथि उल्लिखित तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३० जम्मा ६० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा नमुनाका रूपमा लिइएका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई तीन श्रेणीमा निर्धारण गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूमो श्रुतिलेखन क्षमताको विवरण ३०-४९ प्रतशितसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ९ र प्रतिशत ३० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४ र प्रतिशत १३ रहेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ११ र प्रतिशत ३७ रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ ।

यसरी हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको तुलना गर्दा सामुदायिक विद्यालयका ३०-४९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३० प्रतिशत रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका ५०-६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५७ प्रतिशत रहेको देखिन्छ भने संस्थागत


विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका ७०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूका सङ्ख्या १३ प्रतिशत रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत रहेको देखिन्छ ।

यसरी हेर्दा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरणलाई निम्नानुसारको स्तम्भ चित्रद्वारा प्रष्ट पारिएको छ :

**चित्र नं. ७**

**विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**




माथि उल्लिखित स्तम्भ चित्रका आधारमा सामुदायिक र संस्थागत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च बनाउनका लागि विद्यार्थीहरूलाई बढीभन्दा बढी सुन्ने र लेख्ने कार्यमा सरिक गराउनु पर्ने देखिन्छ ।

### ५.२.३ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

मध्यमान र मानक विचलनका आधारमा कैलाली जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ८

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**

| विद्यालय प्रकृति र विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक विद्यालय ३० | ५४.८ | १४.०६ | १६ | ५३ | १४ | ४७ |
| संस्थागत विद्यालय ३० | ५३.८६ | १६.४० | १५ | ५० | १५ | ५० |

माथि उल्लिखित तालिकाअनुसार कैलाली जिल्लाका नमुना छनोटमा परेका तीन सामुदायिक र तीन संस्थागत गरी जम्मा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई मध्यमान र मानक विचलनको आधारमा विद्यालयको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । मध्यमानलाई आधार मानी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ५४.८ रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५३.८६ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन राम्रो रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १४.०६ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १६.४० रहेको देखिन्छ । मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट कम रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै रहेको

देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै भए तापनि उच्च श्रेणीका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

समग्र मध्यमान र मानक विचलन विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका ३० जना विद्यार्थीहरूको मध्यमान ५४.८ र मानक विचलन १४.०६ रहेको छ । उक्त तालिकालाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ र प्रतिशत ५३ रहेको र मध्यमानभन्दा तल विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत ४७ रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

त्यसैगरी संस्थागत विद्यालयका ३० जना विद्यार्थीहरूको मध्यमान ५३.८६ र मानक विचलन १६ रहेको देखिन्छ । उक्त तालिकाअनुसार मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ । मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या बराबर भए तापनि संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

प्रस्तुत तालिकाअनुसार विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन श्रुतिलेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय छ

# लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विश्लेषण गरिएको छ । जसमा छात्र छात्राको श्रुतिलेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ भने भाषिक पृष्ठभुमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक विवरणलाई विश्लेषण गरिएको छ ।

## ६.१ लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत जम्मा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएर श्रुतिलेखन गराई सोही क्षमतालाई प्रस्तुत गरिएको छ । यस अध्यायमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति के- कस्ता छ भनी पत्ता लगाउने काम गरिएको छ । कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्न लैङ्गिक आधारमा छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिक दृष्टिले कक्षा पाँचमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति तल छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ :

### ६.१.१ छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका तीन सामुदायिक र तीन संस्थागत गरी जम्मा ६ विद्यालयका ५/५ जना छात्र पर्ने गरी जम्मा ३० जना विद्यार्थीहरूको नमुना छनोट गरिएको छ । यसरी छनोट गरिएका कक्षा पाँचमा अध्ययनरत छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण प्रतिशताङ्कका आधारमा निम्नानुसार उल्लेख गरिएको छ :

**तालिकान नं. ९**

**छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**


| कुल विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ८ | २७ | १५ | ५० | ७ | २३ |

माथि उल्लिखित तालिकाको आधारमा छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मापन गर्न तीन श्रेणी निर्धारण गरिएको छ। जसमा ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्या ८ र प्रतिशत २७ रहेको देखिन्छ। त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ । भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ। प्रस्तुत तालिकाअनुसार निम्न श्रेणीमा २७ प्रतिशत र उच्च श्रेणीमा २३ प्रतिशत रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ।

छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसारको स्तम्भ चित्रद्वारा स्पष्ट पारिएको छ :

**चित्र नं. ८**


**छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**



माथि उल्लिखित स्तम्भ चित्रअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रष्ट्याउने प्रयास गरिएको छ । उक्त स्तम्भ चित्रअनुसार ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थीहरू सबैभन्दा धेरै रहेकाले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई अझ स्पष्ट पार्नका लागि निम्नानुसारको वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**चित्र नं. ९**

**छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**




माथि उल्लिखित वृत्तचित्रअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई स्पष्ट पारिएको छ । उक्त वृत्तचित्र अनुसार ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्या सबैभन्दा धेरै रहेकाले छात्र विद्यार्थीहरूको सङ्ख्या सन्तोषजनक रहेको देखिन्छ ।

### ६.१.१.१ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

तालिका नं. १०

मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

| छात्र विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५१.२ | १४.१६ | १५ | ५० | १५ | ५० |

माथि उल्लिखित तालिकाअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको समग्र मध्यमान ५१.२ र मानक विचलन १४.१६ रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा छात्र विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै देखिन्छ । त्यसैले छात्र विद्यार्थीहरूको प्राप्ताङ्कको विवरण राम्रो देखिदैन । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ । यसरी प्रस्तुत तालिकामा मध्यमान रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ६.१.२ छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका प्रत्येक विद्यालयहरूबाट जम्मा ३० जना छात्राहरूलाई छनोट गरिएको छ । छनोटमा परेका कक्षा पाँचमा अध्ययनरत छात्राहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ११

छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण


| छात्रा विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | १२ | ४० | १५ | ५० | ३ | १० |

माथि उल्लिखित तालिकाअनुसार छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशताङ्कमा प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार अध्ययनका लागि नमुना छनोटमा परेका प्रत्येक विद्यालयहरूबाट जम्मा ३० जना छात्राहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । उक्त तालिकामा छात्राहरूको श्रुतिलेखन क्षमतालाई मापन गर्न तीन श्रेणी निर्धारण गरिएको छ । जसमा ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या १२ र प्रतिशत ४० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या ३ र प्रतिशत १० रहेको देखिन्छ । यसरी प्रस्तुत तालिकाअनुसार निम्न श्रेणीमा १२ प्रतिशत र उच्च श्रेणी ३ प्रतिशत र अरू मध्यम रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको देखिन्छ । त्यसकारण त्यहाँका छात्रा विद्यार्थीहरूलाई सुन्ने र लेख्ने कार्यमा धेरै सरिक गराउनु पर्ने देखिन्छ ।

छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रद्वारा प्रस्ट पारिएको छ :

चित्र नं. १०


छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण




माथि उल्लिखित स्तम्भ चित्रअनुसार छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई स्पष्ट पारिएको छ । जसमा ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या र ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्याभन्दा धेरै रहेको देखिन्छ भने ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या मध्यम रहेको देखिन्छ । त्यसैले उच्च श्रेणी ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्याभन्दा निम्न श्रेणी ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अझ स्पष्ट पार्नको लागि निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. ११

छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण




माथि उल्लिखित वृत्तचित्रअनुसार छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई स्पष्ट पारिएको छ । जसमा ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या र ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्याभन्दा धेरै रहेकाले छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको देखिन्छ ।

### ६.१.२.१ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

तालिका नं. १२

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण**

| छात्रा विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५७.३ | १५.७५ | १३ | ४३ | १७ | ५७ |

माथि उल्लिखित तालिकाअनुसार छात्रा विद्यार्थीहरूको मध्यमान ५१.६६ र मानक विचलन १५.७५ रहेको देखिन्छ । मानक विचलनको विवरणलाई हेर्दा छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क बिचको फैलावट धेरै रहेको देखिन्छ। यसरी तालिकाको मध्यमानलाई आधार मानी हेर्दा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ देखिन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ। यसरी मध्यमानका आधारमा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीहरूको श्रुतिलेखन सन्तोषजनक रहेको देखिन्छ। छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च स्तरमा पुर्‍याउनको लागि अलि ध्यान दिनुपर्ने देखिन्छ।

### ६.१.३ लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति पत्ता लगाउने विषयसँग सम्बन्धित रहेको छ। कैलाली जिल्लाका सामुदायिक तीन र संस्थागत तीन गरी जम्मा ६ वटा विद्यालयहरूबाट १०/१० जना विद्यार्थीहरूका दरले जम्मा ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । जसमा प्रत्येक विद्यालयहरूबाट पाँच छात्र र पाँच छात्रा गरी नमुना छनोट गरिएको छ। यस अध्ययनमा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता के-कस्तो रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १३**

**लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना**


| विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र ३० | ८ | २७ | १५ | ५० | ७ | २३ |
| छात्रा ३० | १२ | ४० | १५ | ५० | ३ | १० |

माथि उल्लिखित तालिकाअनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रतिशताङ्कका आधारमा देखाइएको छ । जसमा ३० जना छात्र विद्यार्थीहरू र ३० जना छात्रा विद्यार्थीहरू रहेका छन् । यसरी माथिको तालिकाअनुसार विश्लेषण गर्दा छात्रतर्फ सबैभन्दा बढी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरू सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने सबैभन्दा कम ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ । त्यसैगरी छात्रातर्फ सबैभन्दा ५०-५९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने सबैभन्दा कम ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या ३ र प्रतिशत १० रहेको देखिन्छ । यसरी प्रतिशताङ्कका आधारमा हेर्दा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्रा विद्यार्थीहरूभन्दा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा केही मात्रामा राम्रो रहेको देखिन्छ ।

लैङ्गिकताका आधारमा छात्रा र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई अझ स्पष्ट पार्नको लागि निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र नं. १२**

**लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना**



माथि उल्लिखित स्तम्भ चित्रअनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रतिशताङ्कका आधारमा देखाइएको छ । जसमा ३० जना छात्र र ३० जना छात्रा गरी जम्मा ६० जना विद्यार्थीहरू रहेका छन् । यसरी विश्लेषण गर्दा छात्रतर्फ सबैभन्दा बढी ५०-६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने सबैभन्दा कम ७०-१०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ । त्यसैगरी छात्रातर्फ सबैभन्दा बढी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने सबैभन्दा कम ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या ३ र प्रतिशत १० रहेको देखिन्छ ।

### ६.१.४ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण

तालिकान नं. १४

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूका श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**

| छात्रा विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र ३० | ५१.२ | १४.१६ | १५ | ५० | १५ | ५० |
| छात्रा ३० | ५७.३ | १५.७५ | १३ | ४३ | १७ | ५७ |

माथि उल्लिखित तालिकामा लैङ्गिकताका दृष्टिले छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक स्थिति देखाइएको छ । जसका छात्र विद्यार्थीहरूको मध्यमान ५१.२ र मानक विचलन १४.१६ रहेको देखिन्छ । छात्र विद्यार्थीहरू तर्फ मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १५ प्रतिशत ५० रहेको देखिन्छ भने छात्रा विद्यार्थीहरूतर्फ मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १३ प्रतिशत ४३ रहेको देखिन्छ । जुन छात्रभन्दा छात्रा विद्यार्थीहरूको

७ प्रतिशतले कम रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा तल अङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ । छात्रा विद्यार्थीहरूको तुलना छात्रा विद्यार्थीहरूको मध्यमानभन्दा माथि ७ प्रतिशतले बढी रहेको देखिन्छ । मध्यमानलाई आधार मानी हेर्दा छात्रको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन राम्रो रहेको देखिन्छ । त्यसैगरी मानक विचलनलाई आधार मानी हेर्दा छात्र विद्यार्थीहरूको १४.१६ र छात्रा विद्यार्थीहरूको १५.७५ रहेको देखिन्छ । यसरी मानक विचलनको आधारमा हेर्दा पनि छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क बीचको फैलावट बढी रहेको देखिन्छ । त्यसैले मानक विचलनको आधारमा पनि छात्र विद्यार्थीहरूको भन्दा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

यसरी माथिको तालिकामा देखाइएको मध्यमानका आधारमा विद्यार्थीहरूले श्रुतिलेखनमा प्राप्त गरेको प्रतिशतलाई आधार मानी अध्ययन गर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने छात्र ५७ प्रतिशत र छात्रा ४३ प्रतिशत रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको देखिन्छ ।

## ६.२ भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कैलाली जिल्लाका तीन सामुदायिक र तीन संस्थागत विद्यालयहरूमा अध्ययनरत विभिन्न भाषी विद्यार्थीहरूसँग सम्बन्धित रहेको छ । मुख्यगरी यस अध्ययनमा नमुना छनोटका रूपमा रहेका विद्यार्थीहरूलाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषीका रूपमा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई छुट्टाछुट्टै रूपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

### ६.२.१ नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका तीन सामुदायिक र तीन संस्थागत गरी जम्मा ६ वटा विद्यालयका ५/५ जना नेपाली पहिलोभाषी पर्ने गरी ३० जना नेपाली पहिलोभाषी विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको छ । यसरी छनोट गरिएका कक्षा पाँचमा

अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण प्रतिशताङ्कका आधारमा निम्नानुसार रहेको छ :

**तालिका नं. १५**

**नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति**


| विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ६ | २० | १७ | ५७ | ७ | २३ |

माथि उल्लिखित तालिकाअनुसार नमुना छनोटमा परेका विद्यालयहरूमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अवस्थालाई प्रतिशताङ्कका आधारमा देखाइएको छ । उक्त तालिकामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा तीन श्रेणी निर्धारण गरिएको छ। जसमा ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ। यसरी माथिको तालिकालाई आधार मानी हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ।

नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. १३


नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




माथि उल्लिखित स्तम्भ चित्रअनुसार नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशतका आधारमा देखाइएको छ । जसअन्तर्गत ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अफ स्पष्ट पार्नका लागि निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. १४

नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




माथि उल्लिखित वृत्त चित्रअनुसार नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कका आधारमा देखाइएको छ । जसअन्तर्गत ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ । जस अनुसार नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति राम्रो रहेको देखिन्छ ।

### ६.२.१.१ मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

तालिका नं. १६

मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५६.५३ | १७.७८ | ११ | ३७ | १९ | ६३ |

माथिको उल्लिखित तालिकाअनुसार नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान ५६.५३ र मानक विचलन १७.७८ रहेको देखिन्छ । मानक विचलनको आधारमा हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको प्राप्ताङ्क बीचको फैलावट धेरै रहेको देखिन्छ । त्यसैगरी मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ११ र प्रतिशत ३७ रहेको देखिन्छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या १९ र प्रतिशत ६३ रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा हेर्दा कैलालीका कक्षा पाँचमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ६.२.२ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रस्तुत गरिएको छ । नमुना छनोटका रूपमा ३० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरूलाई छनोट गरिएको छ । अध्ययनका लागि छनोट गरिएका ३० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्कका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १७**

**नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | १४ | ४७ | १३ | ४३ | ३ | १० |


माथि उल्लिखित तालिकाअनुसार कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कका आधारमा प्रस्तुत गरिएको छ । श्रुतिलेखन क्षमताको विवरणलाई प्रस्तुत गर्न तीन श्रेणी निर्धारण गरिएको छ । जसमा ३०- ४९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत ४७ रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली

दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ । भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या ३ र प्रतिशत १० रहेको देखिन्छ । यसरी प्रस्तुत तालिकाअनुसार निम्न श्रेणी प्राप्त गर्ने दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या धेरै र उच्च श्रेणी प्राप्त गर्ने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या थोरै रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्तर कमजोर रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र नं. १५**

**नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति**





माथि उल्लिखित स्तम्भ चित्रअनुसार नेपाली दोस्रोभाषी विद्याथीृहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कका आधारमा स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । जसअन्तर्गत ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत ४७ रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ । भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या ३ र प्रतिशत १०

रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको देखिन्छ । माथिको स्तम्भ चित्रलाई अझ स्पष्ट पार्नका लागि निम्नानुसार वृत्तचित्रमा यसरी प्रस्तुत गरिएको छ :

चित्र नं. १६

नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




माथि उल्लिखित वृत्तचित्रअनुसार नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कका आधारमा वृत्तचित्रमा प्रस्तुत गरिएको छ । जसमा सबैभन्दा बढी ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत ४७ रहेको छ भने सबैभन्दा कम ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या ३ र प्रतिशत १० रहेकाले कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको देखिन्छ ।

### ६.२.२.१ मध्यमान र मानक विचलनका आधारमा नेपली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

तालिका नं. १८

मध्यमान र मानक विलचनका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५१.९६ | ११.८४ | १५ | ५० | १५ | ५० |

माथि उल्लिखित तालिकाअनुसार नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई मध्यमान र मानक विचलनका आधारमा देखाइएको छ । जसमा मध्यमान ५१.९६ र मानक विचलन ११.८४ रहेको देखिन्छ । मानक विलचनलाई आधार मानी हेर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्क बीचको फैलावट धेरै रहेको देखिन्छ भने मध्यमानलाई आधारमा मानी हेर्दा मध्यमानभन्दा माथि ५० प्रतिशत र मध्यमानभन्दा तल ५० प्रतिशत रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## ६.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन

भाषिक पृष्ठभूमिका आधारमा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई प्रतिशताङ्कका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. १९

### भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतको तुलनात्मक अध्ययन

| विद्यार्थी सङ्ख्या | ३०- ४९ निम्न | | ५०-६९ मध्यम | | ७०-१०० उच्च | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली पहिलो भाषी ३० | ६ | २० | १७ | ५७ | ७ | २३ |
| नेपाली दोस्रो भाषी ३० | १४ | ४७ | १३ | ४३ | ३ | १० |

माथि उल्लिखित तालिकाअनुसार नमुना छनोटका रूपमा रहेका नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी गरी भाषिक पृष्ठभूमिलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाली पहिलोभाषी विद्यार्थीहरू छनोट गर्दा ३० र नेपाली दोस्रोभाषी विद्यार्थीहरू छनोट गर्दा ३० जना नमुना छनोट गरिएका विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई मापन गर्न तीन श्रेणी निर्धारण गरिएको छ । जसमा नेपाली पहिलोभाषी विद्यार्थीहरूका ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ५० - ६९ प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ ।


त्यसैगरी उक्त तालिकाअनुसार नेपाली दोस्रोभाषी विद्यार्थीहरू ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या १४ र प्रतिशत ४७ रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या ३ र प्रतिशत १० रहेको देखिन्छ ।

यसरी माथिको तालिकालाई आधार मानी विश्लेषण गर्दा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नेपाली दोस्रोभाषीको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । यसो हुनुमा विद्यार्थीहरूको भाषिकता र पारिवारिक शैक्षिक स्तरले पनि प्रभाव पारेको देखिन्छ ।

नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरणलाई निम्नानुसार स्तम्भ चित्रमा अझै स्पष्ट पारिएको छ :

**चित्र नं. १७**

**भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन**




माथि उल्लिखित स्तम्भ चित्रअनुसार नमुना छनोटका रूपमा रहेका नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी गरी भाषिक पृष्ठभूमिका आधारमा दुई समूहमा विभाजन गरिएको छ । नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको छनोट गर्दा ३०/३० जनाका दरले जम्मा ६० जना विद्यार्थीहरू नमुना छनोटका रूपमा लिइएका छन् । यसरी नमुना छनोट गरिएका नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई मापन गर्न तीन श्रेणी निर्धारण गरिएको छ । जसअन्तर्गत नेपाली पहिलोभाषी विद्यार्थीहरू ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत २० रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म ल्याउने सङ्ख्या १७ र प्रतिशत ५७ रहेको देखिन्छ भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या ७ र प्रतिशत २३ रहेको देखिन्छ ।

त्यसैगरी उक्त स्तम्भ चित्रअनुसार नेपाली दोस्रोभाषी विद्यार्थीहरूका ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या १४ र प्रतिशत ४७ रहेको देखिन्छ। त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या १३ र प्रतिशत ४३ रहेको देखिन्छ । भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या ३ र प्रतिशत १० रहेको देखिन्छ । यसरी माथिको स्तम्भ चित्रलाई आधार मानी हेर्दा नेपाली दोस्रोभाषी भन्दा नेपाली पाहिलो भाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.३.१ मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण

मध्यमान र मानक विचलनका आधारमा कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत नमुना छनोटमा परेका नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २०

**मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विवरण**

| भाषिक पृष्ठभूमि र विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली पहिलोभाषी- ३० | ५६.५३ | १७.७८ | ११ | ३७ | १९ | ६३ |
| नेपाली दोस्रोभाषी- ३० | ५१.९६ | ११.८४ | १५ | ५० | १५ | ५० |

माथि उल्लिखित तालिकाअनुसार नमुना छनोटका रूपमा रहेका ६० जना विद्यार्थीहरू मध्ये ३० जना नेपाली पहिलोभाषी र ३० जना नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । उक्त तालिकाअनुसार नेपाली पहिलोभाषी विद्यार्थीहरू र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरणलाई मध्यमान र मानक विचलनको आधारमा प्रस्तुत गरिएको छ । नेपाली पहिलोभाषी विद्यार्थीहरूको मध्यमान ५६.५३ र मानक विचलन १७.७८ रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने नेपाली पहिलोभाषी

विद्यार्थीहरूको सङ्ख्या ११ र प्रतिशत ३७ रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या १९ र प्रतिशत ६३ रहेको देखिन्छ । त्यसैगरी नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ५१.९६ र मानक विचलन ११.८४ रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ५० रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ११ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १५ रहेको छ जुन नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या ४ जनाले बढी रहेकाले नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

त्यसैगरी मानक विचलनको विवरणलाई आधार मानी हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको मानक विचलन १७.७८ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन ११.८४ रहेको देखिन्छ । यसरी मानक विचलनलाई आधार मानी हेर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्क बीचको फैलाबट थोरै रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधको परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय, तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया, चौथो अध्यायमा समग्र विद्यार्थीहरूको विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति, पाँचौं अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति, छैंटौं अध्यायमा लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति र सातौं अध्यायमा सारांश, निष्कर्ष र उपयोगिताको अध्ययन गरिएको छ । कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्नका लागि विभिन्न किसिमका १० वटा शब्दहरू, विभिन्न किसिमका १० वटा वाक्यहरू र एउटा अनुच्छेद जस्ता शिक्षण सामग्री तयार गरिएको थियो । उक्त सामग्रीबाट श्रुतिलेखन गराई शब्दको शुद्ध लेखन/वर्णविन्यास र चिह्न प्रयोग जस्ता आधारमा सङ्कलित सामग्रीलाई मापन गरियो । यसरी मापन गरिएका सामग्रीलाई प्रतिशत, मध्यमान र मानक विलचनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत कैलाली जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. समग्र विद्यार्थीहरूमा सबैभन्दा तल्लो श्रेणी ३०-४९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत रहेको पाइयो भने ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम रहेको देखिन्छ ।

२. समग्र विद्यार्थीहरूको मध्यमान ५४.२५ र मानक विचलन १५.२८ रहेको पाइयो । मध्यमानभन्दा माथि ५२ प्रतिशत र मध्यमानभन्दा तल ४८ रहेको पाइयो । यसरी हेर्दा मध्यमानभन्दा माथि धेरै विद्यार्थी परेकाले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

३. विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधि नमुनाका रूपमा ३०/३० जना विद्यार्थीहरूलाई नमुना छनोट गरिएको छ । सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ५७ र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३ प्रतिशत ४३ रहेको र ७०-१०० प्रतिशतसम्म सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत १३ र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ६ प्रतिशत २० रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

४. विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरणलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ५४.८ र मानक विचलन १४.०६ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ५३.८६ र मानक विचलन १६.४० रहेकाले मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

५. लैङ्गिकताका आधारमा ३० छात्र र ३० छात्रा गरी जम्मा ६० विद्यार्थीहरूको श्रुतिलेखन गरिएको छ । जसमा ५०-६९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रको सङ्ख्या ५० र छात्राको सङ्ख्या ५० प्रतिशत रहेको र ७०-१०० र प्रतिशतसम्म अङ्क ल्याउने छात्रको सङ्ख्या २३ र छात्राको सङ्ख्या १० प्रतिशत रहेकाले छात्राको भन्दा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

६. मध्यमान र मानक विलचनका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विवरण हेर्दा छात्र विद्यार्थीहरूको मध्यमान ५१.२ र मानक विचलन १४.१६ रहेको पाइयो भने छात्रा विद्यार्थीहरूको मध्यमान ५७.३ र मानक विचलन १५.७५ रहेकाले मध्यमानका आधारमा छात्र र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

७. भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या ३० र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या ३० जना विद्यार्थी गरी जम्मा ६० जना विद्यार्थीहरू नमुना छनोट गरिएको छ । जसमा ७०-१०० प्रतिशतसम्म अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थीहरूको सङ्ख्या २३ प्रतिशत र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूभन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

८. मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलना गर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको मध्यमान ५६.५३ र मानक विचलन १७.७८ रहेको र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ५१.९६ र मानक विचलन ११.८४ रहेकाले मध्यमान र मानक विचलनका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको पाइयो ।

## ७.३ उपयोगिता

भाषा शिक्षण भाषाका बारेमा शिक्षण नभई भाषाका चारवटा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको शिक्षण हो । जसमध्ये सुनाइ सीप सबैभन्दा महत्त्वपूर्ण र विशिष्ट सीप हो भने लेखाइ सीप पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ । जसकारण सुनाइ र लेखाइ सीप एक आपसमा निकै अन्तर्सम्बन्धित रहेका छन् । त्यसैले सुन्ने र लेख्ने कार्यले श्रुतिलेखन कार्यलाई जनाउँछ । श्रुतिलेखन क्षमताले भाषाको लेखाइ सीपसँग सोझो सम्बन्ध राखेको हुन्छ । त्यसैले लेखाइ सीपको विकासमा श्रुतिलेखनले महत्त्वपूर्ण आदानप्रदान गर्दछ । प्रस्तुत अध्ययनका उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- प्रस्तुत अध्ययनले लेखाइ सीपको मूल्याङ्कन गर्नेछ ।
- प्राथमिक तहमा लेखाइ सीपको विकास गर्न श्रुतिलेखन कार्य सहयोगी बन्ने छ ।
- समग्र विद्यालय प्रकृतिका आधारमा श्रुतिलेखन क्षमतामा देखिएका कमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू सञ्चालन गर्न सहयोग मिल्ने देखिन्छ ।
- लैङ्गिक आधारमा श्रुतिलेखन क्षमतामा देखिएका कमजोरीहरू पत्ता लगाई समाधान गर्न सहयोग पुग्ने देखिन्छ ।
- भाषिक पृष्ठभमिका आधारमा श्रुतिलेखन क्षमतामा देखिएका समस्याहरू पत्ता लगाई समस्याको समाधान गर्न सहयोग पुग्ने देखिन्छ ।
- विद्यार्थीहरूको लेखन क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग गर्नेछ ।
- श्रुतिलेखनसँग सम्बन्धित भई अध्ययन गर्न चाहने व्यक्तिलाई मार्ग प्रदान गर्न उपयोगी बन्नेछ ।
- श्रुतिलेखन सम्बन्धित शोधपत्र तयार पार्ने विद्यार्थीहरूका लागि ढङ्गढाँचा तथा तौरतरिकामा उपयोगी रहने छ ।
- श्रुतिलेखन कार्यकलापको भाषिक सीपको विकासमा पार्ने प्रभावका बारेमा जान्न चाहने व्यक्तिका लागि उपयोगी बन्नेछ ।
- श्रुतिलेखनमा विद्यार्थीहरूले गर्ने त्रुटिका क्षेत्रहरू जान्न चाहने व्यक्तिका लागि उपयोगी बन्नेछ ।
- श्रुतिलेखन गराउँदा पाठ्यपुस्तकमा समावेश भएका पाठबाट मात्र नभई अन्य स्तरका सुहाउँदा उपयुक्त र समसामयिक विषयवस्तुसम्बन्धी श्रुतिलेखन कार्य गराउनु पर्छ भन्ने कुरामा सहयोग पुग्ने देखिन्छ ।

- भाषिक क्षमता अभिवृद्धिका लागि सुनाइ र लेखाइ सीप अनिवार्य पक्ष रहने कुरा र श्रुतिलेखनसम्बन्धी क्रियाकलापलाई प्राथमिकता दिनुपर्छ भन्ने कुरामा सहयोग पुऱ्याउने देखिन्छ ।
- नेपाली भाषाको शिक्षण गर्दा विद्यार्थीहरूको संज्ञानात्मक पक्षभन्दा भाषिक सीप पक्षमा बढी जोड दिनुपर्छ भन्ने कुरामा सहयोग पुऱ्याउने देखिन्छ ।
- प्रस्तुत अध्ययनले विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी पाठ्यपुस्तक निर्माण गर्न सहयोगी बन्नेछ ।
- प्रस्तुत अध्ययनले नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोगी भूमिका खेल्नेछ आदि ।

## ७.४ भावी शोधका लागि सम्भावित शीर्षकहरू

- कैलाली जिल्लाका कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता
- कैलाली जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता
- कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता
- कैलाली जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

घिमिरे, महेश (२०६६), 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

पोखेल, केशवराज र अन्य (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पोखेल, मेनुकादेवी (२०७३), 'कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, सूर्य (२०७३), 'अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापनलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, रामप्रसाद (२०६४), 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, विजया (२०७३), 'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौड्याल, मञ्जु (२०७४), 'गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, विष्णुबहादुर (२०७२), 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रावत, सिर्जनाकुमारी (२०७५), 'दैलेख जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट ‘क’

## छनोटमा परेका विद्यालयको नामावली

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| श्री सीता कुण्ड माध्यमिक विद्यालय | श्री कलमबम मेमोरियल इङ्लिस स्कुल |
| श्री कान्तिराज्य लक्ष्मी माध्यमिक विद्यालय | श्री ज्ञानज्योति विद्यामन्दिर इङ्लिस स्कुल |
| श्री जनकल्याण माध्यमिक विद्यालय | श्री नवज्योति विद्यामन्दिर इङ्लिस स्कुल |

## परिशिष्ट 'ख'

## समग्र छनोटमा परेका विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | किरण थापा | ३० | १. | आयुष गुप्ता | ४३ |
| २. | अमित सुनार | ६० | २. | महेश कुँवर | ७८ |
| ३. | रोजिल शाह | ५० | ३. | कल्पना बुढा | ५६ |
| ४. | पिङ्की शाह | ६४ | ४. | मञ्जली चौधरी | ५६ |
| ५. | अस्मिता धामी | ४२ | ५. | अस्मिता अधिकारी | ९४ |
| ६. | प्रतीक चौधरी | ६१ | ६. | पवित्रा कुँवर | ६६ |
| ७. | विपना वि.क. | ५५ | ७. | पुष्प चौधरी | ४९ |
| ८. | सपना धामी | ५७ | ८. | जीवन चौधरी | ३० |
| ९. | मनमोहन जोशी | ५३ | ९. | सुमिका चौधरी | ५१ |
| १०. | विपना रावत | ५८ | १०. | अञ्जली भट्ट | ५० |
| ११. | पूर्णिमा नेपाली | ४० | ११. | दिपा सुवेदी | ६५ |
| १२. | चन्द्रा वि.क. | ३३ | १२. | विकास वि.क. | ७५ |
| १३. | खगेन्द्र विष्ट | ५३ | १३. | प्रकाश साउद | ७० |
| १४. | प्रतीक पन्त | ५५ | १४. | शुशिला रावत | ६२ |
| १५. | विजय पन्त | ४७ | १५. | सुसान्त सापकोटा | ३६ |
| १६. | कम्लेश कठरिया | ३५ | १६. | समिर कठरिया | ५९ |
| १७. | हिक्मत विष्ट | ४८ | १७. | राजन रावत | ४१ |
| १८. | अमृता खाती | ३१ | १८. | राजिप चौधरी | ३७ |
| १९. | सन्देश कुश्मी | ४० | १९. | संगीता विष्ट | ५६ |
| २०. | कुसल सापकोटा | ३० | २०. | सौरभ चौधरी | ३९ |
| २१. | सम्झना रावत | ९० | २१. | कान्ती खड्का | ३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | निर्मला बोहरा | ७३ | २२. | आर्यन चाधरी | ३८ |
| २३. | निशा सुनार | ८० | २३. | असुवान कठरिया | ५८ |
| २४. | प्रबेश चौधरी | ७५ | २४. | पुजा धामी | ५० |
| २५. | आविष्कार मिश्र | ७८ | २५. | सञ्जना चौधरी | ६० |
| २६. | मनिसा सिंह | ८५ | २६. | मिलन बम | ५५ |
| २७. | गरिमा  थापा | ५१ | २७. | सुविकाव चौधरी | ५८ |
| २८. | मल्लिका चौधरी | ६३ | २८. | दिपिका चौधरी | ३० |
| २९. | अनिसा ज्ञवाली | ५१ | २९. | यादव विष्ट | ५३ |
| ३०. | सन्दिप चौधरी | ६० | ३०. | प्रियङ्का कठरिया | ५६ |

जम्मा प्राप्ताङ्क : १६३९

मध्यमान : ५४.६३

मानक विचलन : १४.०६

## परिशिष्ट 'ग'

## छनोटमा परेका सामुदायिक विद्यालयका विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | किरण थापा | ३० | १ | आयुष गुप्ता | ४३ |
| २ | अमित सुनार | ६० | २ | महेश कुँवर | ७८ |
| ३ | रोजिल शाह | ५० | ३ | कल्पना बुढा | ५६ |
| ४ | पिङ्की शाह | ६४ | ४ | मञ्जली चौधरी | ५६ |
| ५ | अस्मिता धामी | ४२ | ५ | अस्मिता अधिकारी | ९४ |
| ६ | प्रतीक चौधरी | ६१ | ६ | पवित्रा कुँवर | ६६ |
| ७ | विपना वि.क. | ५५ | ७ | पुष्प चौधरी | ४९ |
| ८ | सपना धामी | ५७ | ८ | जीवन चौधरी | ३० |
| ९ | मनमोहन जोशी | ५३ | ९ | सुमिका चौधरी | ५१ |
| १० | विपना रावत | ५८ | १० | अञ्जली भट्ट | ५० |
| ११ | पूर्णिमा नेपाली | ४० | ११ | दिपा सुवेदी | ६५ |
| १२ | चन्द्रा वि.क. | ३३ | १२ | विकास वि.क. | ७५ |
| १३ | खगेन्द्र विष्ट | ५३ | १३ | प्रकाश साउद | ७० |
| १४ | प्रतीक पन्त | ५५ | १४ | शुशिला रावत | ६२ |
| १५ | विजय पन्त | ४७ | १५ | सुसान्त सापकोटा | ३६ |

जम्मा प्राप्ताङ्क : १६३९

मध्यमान : ५४.६३

मानक विचलन : १४.०६

## परिशिष्ट 'घ'

### छनोटमा परेका संस्थागत विद्यालयका विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | कम्लेश कठरिया | ३५ | १ | समिर कठरिया | ५९ |
| २ | हिक्मत विष्ट | ४८ | २ | राजन रावत | ४१ |
| ३ | अमृता खाती | ३१ | ३ | राजिप चौधरी | ३७ |
| ४ | सन्देश कुश्मी | ४० | ४ | संगीता विष्ट | ५६ |
| ५ | कुसल सापकोटा | ३० | ५ | सौरभ चौधरी | ३९ |
| ६ | सम्भना रावत | ९० | ६ | कान्ती खड्का | ३६ |
| ७ | निर्मला बोहरा | ७३ | ७ | आर्यन चाधरी | ३८ |
| ८ | निशा सुनार | ८० | ८ | असुवान कठरिया | ५८ |
| ९ | प्रबेश चौधरी | ७५ | ९ | पुजा धामी | ५० |
| १० | आविष्कार मिश्र | ७८ | १० | सञ्जना चौधरी | ६० |
| ११ | मनिसा सिंह | ८५ | ११ | मिलन बम | ५५ |
| १२ | गरिमा थापा | ५१ | १२ | सुविकाव चौधरी | ५८ |
| १३ | मल्लिका चौधरी | ६३ | १३ | दिपिका चौधरी | ३० |
| १४ | अनिसा ज्ञवाली | ५१ | १४ | यादव विष्ट | ५३ |
| १५ | सन्दिप चौधरी | ६० | १५ | प्रियङ्का कठरिया | ५६ |

जम्मा प्राप्ताङ्क : १६१६

मध्यमान : ५३.८६

मानक विचलन : १६.४०

## परिशिष्ट 'ङ'

## छनोटमा परेका छात्र विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | यादव विष्ट | ५३ | १ | प्रकाश साउद | ७० |
| २ | मिलन बम | ५५ | २ | विकास वि.क. | ७५ |
| ३ | असुवान कठरिया | ५८ | ३ | पुष्प चौधरी | ४९ |
| ४ | राजिप चौधरी | ३७ | ४ | विजय विष्ट | ४७ |
| ५ | सौरभ चौधरी | ३९ | ५ | प्रतीक पन्त | ५५ |
| ६ | राजन रावत | ४१ | ६ | मनमोहन जोशी | ५३ |
| ७ | सन्दिप चौधरी | ६० | ७ | अमित सुनार | ६० |
| ८ | आविष्कार मिश्र | ७८ | ८ | किरण थ ापा | ३० |
| ९ | प्रबेश चौधरी | ७५ | ९ | सुसान्त सापकोटा | ३६ |
| १० | कुसल सापकोटा | ३० | १० | जीवन जोशी | ३० |
| ११ | सन्देश कुश्मी | ४० | ११ | महेश कुँवर | ७८ |
| १२ | आर्यन चौधरी | ३८ | १२ | आयुष गुप्ता | ४३ |
| १३ | समिर कठरिया | ५९ | १३ | खगेन्द्र विष्ट | ५३ |
| १४ | हिक्मत विष्ट | ४८ | १४ | प्रतीक चौधरी | ६१ |
| १५ | कम्लेश कठरिया | ३५ | १५ | रोजील मल्ल | ५० |

जम्मा प्राप्ताङ्क : १५३६

मध्यमान : ५१.२

मानक विचलन : १४.१६

## परिशिष्ट 'च'

## छनोटमा परेका छात्र विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | प्रियङ्का कठरिया | ५६ | १ | सुशिला भट्ट | ६२ |
| २ | दिपिका चौधरी | ३० | २ | दिपा सुवेदी | ६५ |
| ३ | सुविका चौधरी | ५८ | ३ | अञ्जली भट्ट | ५० |
| ४ | सञ्जना चौधरी | ६० | ४ | सुमिका चौधरी | ५१ |
| ५ | पुजा धामी | ५० | ५ | पवित्रा कुँवर | ६६ |
| ६ | कान्ती खड्का | ३६ | ६ | अस्मिता अधिकारी | ९४ |
| ७ | संगीता विष्ट | ५६ | ७ | मञ्जली चौधरी | ५६ |
| ८ | अनिसा ज्ञवाली | ५१ | ८ | कल्पना बुढा | ५६ |
| ९ | मल्लिका चौधरी | ६३ | ९ | चन्द्रा वि.क. | ३३ |
| १० | गरिमा थापा | ५१ | १० | पूर्णिमा नेपाली | ४० |
| ११ | मनिसा सिंह | ८५ | ११ | विपना रावत | ५८ |
| १२ | निसा सुनार | ८० | १२ | सपना धामी | ५७ |
| १३ | निर्मला बोहरा | ७३ | १३ | विपना वि.क. | ५५ |
| १४ | सम्झना रावल | ९० | १४ | अस्मिता धामी | ४२ |
| १५ | अमृता खाती | ३१ | १५ | पिङ्की शाह | ६४ |

जम्मा प्राप्ताङ्क : १७१९

मध्यमान : ५७.३

मानक विचलन : १५.७५

## परिशिष्ट 'छ'

## छनोटमा परेका नेपाली पहिलोभाषी विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | सुसान्त सापकोटा | ३६ | १ | सुशिला भट्ट | ६२ |
| २ | रोजिल मल्ल | ५० | २ | दिपा सुवेदी | ६५ |
| ३ | मिलन बम | ५५ | ३ | अञ्जली भट्ट | ५० |
| ४ | कुसल सापकोटा | ३० | ४ | अस्मिता अधिकारी | ९४ |
| ५ | आविष्कार मिश्र | ७८ | ५ | कल्पना बुढा | ५६ |
| ६ | मनिसा सिंह | ८५ | ६ | चन्द्रा वि.क. | ३३ |
| ७ | निर्मला बोहरा | ७३ | ७ | पूर्णिमा नेपाली | ४० |
| ८ | अमृता खाती | ३१ | ८ | सपना धामी | ५७ |
| ९ | अनिसा ज्ञवाली | ५१ | ९ | विपना वि.क. | ५५ |
| १० | कान्ति खड्का | ३६ | १० | जीवन जोशी | ३० |
| ११ | संगीता विष्ट | ५६ | ११ | महेश कुँवर | ७८ |
| १२ | निस ासुनार | ८० | १२ | खगेन्द्र विष्ट | ५३ |
| १३ | सम्झना रावल | ९० | १३ | मनमोहन जोशी | ५३ |
| १४ | राजन रावत | ४१ | १४ | प्रतीक पन्त | ५५ |
| १५ | यादव विष्ट | ५३ | १५ | प्रकाश साउन | ७० |

जम्मा प्राप्ताङ्क : १६९६

मध्यमान : ५६.५३

मानक विचलन : १७.७८

## परिशिष्ट ‘ज’

## छनोटमा परेका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको नामावली तथा प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | कम्लेश कठरिया | ३५ | १ | पुजा थापा | ५० |
| २ | समिर कठरिया | ५९ | २ | अमित कठरिया | ६० |
| ३ | आर्यन चौधरी | ३८ | ३ | विजय राना | ४७ |
| ४ | सन्देश कुश्मी | ४० | ४ | विकास श्रेष्ठ | ७५ |
| ५ | प्रवेश चौधरी | ७५ | ५ | हिक्मत कुश्मी | ४८ |
| ६ | सन्दिप चौधरी | ६० | ६ | पिङ्की शाह | ६४ |
| ७ | सौरभ चौधरी | ३९ | ७ | गरिमा थापा | ५१ |
| ८ | राजिप चौधरी | ३७ | ८ | प्रियङ्का कठरिया | ५६ |
| ९ | अयुवान कठरिया | ५८ | ९ | दिपिका चौधरी | ३० |
| १० | मञ्जली चौधरी | ५६ | १० | सुविकाव चौधरी | ५८ |
| ११ | सुमिका चौधरी | ५१ | ११ | सञ्जना चौधरी | ६० |
| १२ | किरण थापा | ३० | १२ | मल्लिका चौधरी | ६३ |
| १३ | प्रतीक चौधरी | ६१ | १३ | पवित्रा थापा | ६६ |
| १४ | आयुष गुप्ता | ४३ | १४ | विपना राना | ५८ |
| १५ | पुष्प चौधरी | ४९ | १५ | अस्मिता चौधरी | ४२ |

जम्मा प्राप्ताङ्क : १५५९

मध्यमान : ५१.९६

मानक विचलन : ११.८४

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | प्रताप बहादुर बोगटी |
| जन्ममिति | : | २०४६/०५/२७ |
| ठेगाना | : | घोडाघोडी-९, कैलाली |
| बुवाको नाम | : | मान बहादुर बोगटी |
| आमाको नाम | : | नम्रता देवी बोगटी |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | पुरुष |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८४८५०२०८१ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री सिताकुण्ड मा.वि., कैलाली | २०६५ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री कान्ति राज्य लक्ष्मी उच्च मा.वि., कैलाली | २०६८ | द्वितीय |
| स्नातक तह (बी.एड.) | घोडाघोडी बहुमुखी क्याम्पस, कैलाली | २०७१ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |